"दिगो विकास र सामाजिक न्यायका लागि गरीबी विरुद्धको अभियान"

# वार्षिक प्रगति प्रतिवेदन

## आ.व. २०८०/०८१




१०औं अधिवेशन र १९औं साधारण सभा तथा सामाजिक परीक्षण कार्यक्रमको उद्घाटन गर्नु हुँदै सुदूरपश्चिम प्रदेश सभा सभामुख माननीय भिम बहादुर भण्डारी

**परिवर्तनका लागि कार्यरत युवा समुह, नेपाल (याक नेपा)**

**Youth Acting for Change, Nepal (YAC Nepal)**

धनगढी, कैलाली

फोन नं. ०९१-५२४०८७, ५२२६६२, ५२१६८७

Email: yacnepal@yahoo.com

Website: http://www.yacnepal.org.np

# धन्यवाद !



**बल बहादुर रोकाया**
(अध्यक्ष)

समुदायको सचेतिकरण, स-शक्तिकरण र सहकार्यको माध्यमद्वारा समता/समानताको प्रवर्द्धन गरी पछाडी पारिएका समुदायको रचनात्मक तथा गुणात्मक परिवर्तन गर्न सघाउ पुर्‍याउने पवित्र उद्देश्य बोकेर २०६१ साल असोज २६ गते जिल्ला प्रशासन कार्यालय कैलालीमा दर्ता भएको यस संस्थाले समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणको अभियानका अठार बर्ष पुरा गरेको छ ।

ग्रामिण तथा विपन्न समुदायको आर्थिक सशक्तिकरण तथा दिगो विकासका लागि जनस्तरको सहभागीता र सहकार्यमा बिभिन्न क्रियाकलापहरु संचालन गरी समाजमा व्याप्त असमानता, विभेद, विकृति, विसंगति र विचलनलाई निरुत्साहित गर्दै उनीहरुको आर्थिक तथा सामाजिक उत्थान गर्न सकिन्छ भन्ने यथार्थतालाई आत्मसात गरि यस संस्थाले विविध कार्यक्रम तथा परियोजनाहरुका माध्यमवाट योगदान दिदै आईरहेको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरुलाई नेपालको संविधानले मौलिक हकको रुपमा व्यवस्था गरीसकेको सन्दर्भमा सामाजिक रुपान्तरणको अभियानमा अनेकौं बाधा, चुनौति तथा कठिनाइका बावजुद पनि सम्पूर्ण सरोकारवालाहरु बीच सौहार्दपूर्ण तवरबाट हातेमालो सृजना गर्न सकियो भने उक्त अभियानलाई अझ दिशा निर्दिष्ट गर्न सके नेपाल सरकारको समृद्ध नेपाल, सुखी नेपालीको नारालाई साकार बनाउन सकिन्छ भन्ने कुरामा याक नेपाल विश्वस्त छ ।

याक नेपालले सुदूरपश्चिम प्रदेशका नौ वटै जिल्लाहरुमा अधिकारमा आधारित विभिन्न कार्यक्रम तथा परियोजनाहरु संचालन गर्दै आइरहेको छ भने यी कार्यक्रम तथा परियोजनाहरु लाई सफलतापूर्वक संचालन गर्न विभिन्न साझेदार संघसंस्था, सरोकारवाला एवं शुभचिन्तकको आर्थिक तथा प्रविधिक सहयोग रहदै आएको छ । याक नेपालको संस्थागत तथा परियोजनात्मक विकासका लागि नेपाल सरकार, जर्मन सरकार, ब्रेड फर द वर्ल्ड जर्मनी, फियान ईन्टरनेशनल नेपाल, खाद्य अधिकारका लागि राष्ट्रिय संजाल र लि-वर्ड पोखराले गरेको आर्थिक तथा प्राविधिक सहयोगका लागि हार्दिक कृतज्ञता प्रकट गर्दै धन्यवाद दिन चाहन्छौं । कार्यक्रमको अवधारणागत स्पष्टता, कर्मचारीहरुको क्षमता अभिवृद्धिका साथै अधिकार प्राप्तीको अभियानलाई प्रभावकारी बनाउन मार्गनिर्देशन गर्नुहुने राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्था तथा व्यक्ति प्रति याक नेपाल सदैव कृतज्ञता प्रकट गर्दछ ।

संस्थाद्वारा संचालित कार्यक्रम तथा परियोजनाहरुमा कार्यरत कर्मचारीहरु, स्वयमसेवकहरु, सरोकारवालाहरु, सरकारी निकाय (स्थानीय, प्रादेशिक र संघिय), राजनीतिक दल, संघ संस्था, नागरिक समाज, संचारकर्मीहरु साथै प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग गर्नुहने व्यक्तित्वहरु लगायत कार्यक्रम संचालनका लागि विशेष सहयोग पुऱ्याउनु हुने सल्लाहकारहरु, कार्य समितिका पदाधिकारीहरु, र संस्थाका साधारण सदस्यहरुलाई विशेष धन्यवाद दिन चाहन्छौं । संस्थाको उद्देश्य परिपूर्तिका लागि आ.व. २०८०/०८१ मा विभिन्न आयोजना अन्तर्गत संचालित क्रियाकलापहरुका आधारमा संस्थाका गतिविधिहरुलाई सरोकारवाला समक्ष पुऱ्याउने उद्देश्यले यो वार्षिक प्रतिवेदन प्रकाशन गरिएको छ । प्रतिबेदन प्रकाशनमा विशेष भूमिका निर्वाह गर्नुहुने कार्यकारी निर्देशक, प्रतिवेदनलाई अन्तिम रुप दिने खाद्य अधिकार सबलिकरण परियोजना संयोजक देबि प्र. खनाल तथा प्रतिवेदन लेखनमा सहयोग गर्नुहुने खाद्य अधिकार सबलिकरण परियोजनाका कर्मचारीहरुलाई पनि धन्यबाद दिन चाहन्छौं । याक नेपाल यतिन्जेल सम्म यो अबस्थामा आईपुग्नका निम्ती गर्नुभएको योगदान प्रति सम्मान प्रकट गर्दै आगामी दिनहरुमा पनि यहाँहरु सबै बाट निरन्तर सुझाव सल्लाह तथा साथ सहयोगको अपेक्षा गर्दछ ।

## याक नेपालको मिति २०८० पौष २९ मा सम्पन्न
## १०औं अधिवेशनबाट निर्वाचित कार्यसमिति



अध्यक्ष
बल बहादुर रोकाया



उपाध्यक्ष
सत्यदेबी स्नेही



महासचिव
हृदय पुजारा




सचिव
तुलसी शर्मा



कोषाध्यक्ष
बिनिता खाती



सदस्य
अनिता जोशी



सदस्य
मान बहादुर चौहान



सदस्य
मनिषा महतो

# वार्षिक प्रगति प्रतिवेदन २०८०/०८१

प्रकाशक : याक नेपाल

सर्वाधिकार : याक नेपाल

मुद्रण प्रति : ५०० प्रति

मुद्रण : तेडी प्रिन्टिङ्ग प्रेस, धनगढी, कैलाली
(मो. ९८५८४२१४२१)

# विषय सूची

## खण्ड १

### संस्थागत संक्षिप्त परिचय

१. परिचय........................................................................................................१
२. परिदृष्टि........................................................................................................१
३. ध्येय........................................................................................................१
४. लक्ष्य........................................................................................................२
५. उद्देश्य........................................................................................................२
६. सिद्धान्त........................................................................................................२
७. साझेदारी, समन्वय तथा सहकार्य........................................................................२
८. संस्थागत आवद्धता........................................................................................३
९. मूल्य/ मान्यता........................................................................................३
१०. विभिन्न सञ्जालहरूमा नेतृत्वदायि भूमिका........................................................३
११. संस्थाद्वारा संचालित कार्यक्रम........................................................................३
१२. अधिवेशन तथा साधारण सभा........................................................................३
१३. सामाजिक परीक्षण कार्यक्रम........................................................................४
१४. आवधिक योजना निर्माण........................................................................५
१५. विद्यार्थिलाई इन्टर्नसीप/ओजेटीका लागि सहयोग................................................५
१६. संस्थाको मानवश्रोत विवरण........................................................................६
१७. संस्थाद्वारा संचालित कार्यक्रम तथा अवधि........................................................६

## खण्ड-ख

### संस्थाद्वारा सञ्चालन गरीएका परियोजना

१. परिचय........................................................................................................८
२. सञ्चालन गरिएका क्रियाकलाप........................................................................८
२.१ खाद्य अधिकार हनन् भएका सवालहरु पहिचान र दस्तावेजीकरण..................................९
क) दलित समुदायको खाद्य अधिकार हननको सवाल................................................९
ख) बाढी तथा नदी कटानबाट प्रभावित समुदायको खाद्य अधिकार हनन्को सवाल....................१०
ग) श्रोत माथि पहुँच नभएका कारण खाद्य अधिकार हनन्को सवाल.................................११

घ) जिविकोपार्जनका श्रोत, खानेपानी र सिंचाई माथि पहुँच नभएका कारण खाद्य अधिकार हनन्को सवाल.....१३
ङ) पुर्नस्थपना हुन नसकेका कारण खाद्य अधिकार हनन्को सवाल........................................१४
२.२ क्षमता अभिवृद्धि कार्यक्रम..........................................................................................१६
क) खाद्य अधिकार अवधारणा सम्बन्धि अभिमुखीकरण........................................................१६
ख) प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धि अभिमुखीकरण....................................................१७
ग) महिला समूह गठन, अभिमुखीकरण तथा सहजीकरण.......................................................१७
घ) च्याउखेति तथा तरकारी खेती सम्वन्धी अभिमुखीकरण.....................................................१८
ङ) सरकारको बार्षिक नीति तथा कार्यक्रम र प्रक्रियाबारे सचेतीकरण गोष्ठी............................१८
च) स्थानिय योजना तर्जुमा प्रकियाका बारेमा अभिमुखीकरण कार्यक्रम..................................१९
छ) स्थानिय जनप्रतिनिधिहरुसंग अन्तरकिया/छलफल कार्यक्रम............................................२०
२.३ पैरवी तथा वकालत.....................................................................................................२०
- डेलिगेसन (स्थानिय र प्रदेश)........................................................................................२०
- पैरवी वैठक................................................................................................................२४
२.४ समन्वय सहकार्य तथा अभियान...................................................................................२६
२.५ सवाल बहिर्गमन..........................................................................................................२७
२.६ अनुगमन तथा मुल्यांकन..............................................................................................२८
२.७ मानव श्रोत विकास.......................................................................................................२८
२.८ प्रकाशन.....................................................................................................................३१
३. उपलब्धीहरू.................................................................................................................३२
४. अडिट रिपोर्ट...............................................................................................................३४
५. Detail Description of Organizational Assets...............................................................३६
६. कार्यरत कर्मचारी विवरण...............................................................................................३८

# खण्ड-१

## संस्थागत संक्षिप्त परिचय

### १. परिचयः

परिवर्तनका लागि कार्यरत युवा समूह, नेपाल (याक नेपाल) एक गैर राजनीतिक तथा मुनाफारहित सामाजिक विकास संस्था हो । यो संस्था सामाजिक विकासको क्षेत्रमा लामो अनुभव भएका प्रतिबद्ध पेशागत युवाहरूको सक्रियतामा २०५७ सालमा स्थापना भई २०६१ साल असोज २६ गते जिल्ला प्रशासन कार्यालय कैलालीमा दर्ता भएको हो र वि.सं. २०६१ कार्तिक १३ गते समाज कल्याण परिषदमा दर्ता भएको छ । यो संस्था समाजिक विकास र अधिकारमा आधारित अवधारणाहरु प्रति प्रतिबद्ध रहि समाज रुपान्तरणका बिभिन्न आयामहरुलाई आत्मसाथ गरि अगाडी बढिरहेको छ । यस संस्थाले नेपालको सुदूरपश्चिम प्रदेशमा विभिन्न सामाजिक विकासका कार्यक्रमहरू सञ्चालन गरि सिमान्तकृत तथा संकटासन्न अवस्थामा रहेका घरधुरीहरुको आर्थिक सशक्तिकरण तथा दिगो जिविकोपार्जनका निमित्त श्रोतहरुमा पहुँच अभिवृद्धि गर्न वकालत तथा पैरवी गर्दै आईरहेको छ । गरिबी तथा पछौटेपनका कारण यहाँका उपेक्षित समुदायको सामाजिक आर्थिक र साँस्कृतिक पक्षलाई मजबुत बनाई उनीहरुको दिगो विकासका लागि सम्बन्धित संघ संस्था, दातृ निकायहरु र नागरिक समुहहरु सँगको साझेदारी गर्नु याक नेपालको प्राथमिकता क्षेत्र हो । पछाडि पारिएका र सिमान्तकृत समुदायलाई सचेतीकरण र सशक्तीकरणको माध्यमबाट समता र समानताको प्रवर्द्धन गरी राष्ट्रिय मूलप्रवाहमा ल्याउनु संस्थाको समग्र लक्ष्य रहेको छ ।

सुदूरपश्चिम प्रदेशमा यसले खाद्य अधिकारका क्षेत्रमा नेतृत्वदायी भुमिका निर्वाह गर्दै आइरहेको छ । हाल याक नेपालले ब्रेड फर द वर्ड जर्मनीको सहयोगमा सुदूरपश्चिम प्रदेशका नौ वटै जिल्लामा खाद्य अधिकार सवलिकरण परियोजना संचालन गरीरहेको छ । यस परियोजना अन्तरगत याक नेपालले विभिन्न कारणले खाद्य अधिकार बाट वन्चित समुदायहरुको सरकारी श्रोत तथा सुविधामा पहुँच अभिवृद्धि गर्नका लागि खाद्य अधिकारको दृष्ट्रिकोणले जोखिममा रहेका समुदायको क्षमता अभिवृद्धि गर्ने र सेवा प्रदायिक निकायको दायित्व वोध गराउनका लागि विभिन्न गतिविधिहरु संचालन गर्दै आइरहकोछ ।

### २. परिदृष्टिः

- याक नेपाल विपन्न तथा सीमान्तकृत समुदायहरूले उपलब्ध श्रोत तथा सेवाहरूको समानुपातिक उपयोग गरी सम्मानजनक जीवनयापन गरेको देख्न चाहन्छ ।

### ३. ध्येयः

- सशक्तीकरणका माध्यमबाट विपन्न तथा सीमान्तकृत समुदायको सरकारी तथा गैरसरकारी सेवामा पहुँच अभिवृद्धि गर्ने ।
- लक्षित समुदाय र संस्था स्वयम्को संस्थागत संरचना सुदृढ एवं प्रवर्द्धन गर्ने ।
- लक्षित समुदायलाई आफ्ना अधिकार दाबी गर्न सक्ने सीप तथा क्षमताको विकास गर्ने ।
- सेवा प्रदायक निकाय र संस्था स्वयंको जवाफदेहिताको प्रवर्द्धन गर्ने ।
- जलवायु परिवर्तन अनुकुलनका अभ्यासहरुको प्रवर्द्धन र प्रकोप तथा जोखिम न्यूनीकरण गर्ने ।
- विभिन्न विकास साझेदारसँगको सहकार्य र साझेदारीको प्रवर्द्धन गर्ने ।

## ४. लक्ष्यः

- विपन्न तथा सीमान्तकृत समुदायको आर्थिक र सामाजिक सशक्तीकरणका माध्यमबाट नेपालको समानुपातिक तथा दिगो विकासमा योगदान पुऱ्याउने ।

## ५. उद्देश्यः

- पछाडि पारिएका समुदाय विशेष गरी विपन्न, महिला, साना किसान, जनजाती, दलित, युवा तथा बालबालिकाहरूको खाद्य, आवास, स्वास्थ्य, शिक्षा, वातावरणीय अधिकारहरूको सुनिश्चितताका लागि श्रोत तथा सेवाहरूमाथि पहुँच बढाउन क्रियाशील रहने ।
- जनचेतना र सशक्तीकरण कार्यक्रमको माध्यमबाट लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण प्रवर्द्धनका लागि क्रियाशील रहने ।
- समाजमा विद्यमान सामाजिक विसङ्गती र विकृतीका विरुद्ध पैरवी तथा वकालत गर्ने ।
- समान उद्देश्य भएका स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्था र निकायसँग सहकार्य गरी राष्ट्रको समग्र विकासमा योगदान पुऱ्याउने ।
- मानवअधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ मा उल्लेखित “सबैका लागि मानव अधिकार” को प्रावधानको प्रत्याभूतिका लागि पैरवी तथा वकालत गर्ने ।
- विविध अध्ययन तथा अनुसन्धानमूलक कार्यहरू गर्ने ।

## ६. सिद्धान्तः

- साझेदारी तथा सहकार्य
- सञ्जालीकरण
- लैङ्गिक समानता तथा समाजिक समावेशीकरण
- द्वन्द्व सम्बेदनशीलता तथा हानी नगरौं
- अधिकारमुखि अवधारणा
- दिगो विकास
- स्थानीय स्रोत साधनको परिचालन
- सुशासन प्रर्वद्धन

## ७. साझेदारी, समन्वय तथा सहकार्यः

- नेपाल सरकार
- लि-वर्ड, पोखरा
- ब्रेड फर द वर्ल्ड, जर्मनी
- अमेरीकी सहयोग नियोग (USAID)
- UNDP
- फियान नेपाल
- फियान ईन्टरनेशनल, जर्मनी
- ETO Consortium
- एशियाली विकास बैंक

- राष्ट्रिय मानव अधिकार आयोग

## ८. संस्थागत आवद्धता:

- समाज कल्याण परिषद, नेपाल
- गैर सरकारी संस्था महासंघ-नेपाल
- खाद्य अधिकारका लागि राष्ट्रिय संजाल
- नेपाल विपद् उत्थानशिल संजाल
- खाद्यका लागि कृषि अभियान
- जलवायु परिवर्तनका लागि गैससहरूको संजाल

## ९. मूल्य/मान्यता:

- लक्षित वर्गहरूको सहभागिता तथा प्रतिनिधित्व
- खुला र सम्मान
- प्रतिवद्धता र जवाफदेहिता
- मितव्ययित

## १०. विभिन्न सञ्जालहरूमा नेतृत्वदायि भूमिका:

यो संस्था संघ, प्रदेश तथा जिल्ला स्तरका विभिन्न अधिकारमुखि अवधारणामा कार्यरत सञ्जालहरूमा नेतृत्वदायि भूमिका निर्वाह गर्दै आएको छ । हाल खाद्य अधिकारका लागि प्रादेशिक सञ्जाल तथा जलवायु परिवर्तनका लागि गैससहरूको प्रादेशिक सञ्जाल, खाद्यका लागि कृषि अभियानको सचिवालय यस संस्थामा रहेको छ । साथै विपद् जोखिम न्यूनिकरणका क्षेत्रमा कार्यरत नेपाल विपद् उत्थानशिल संजालको प्रदेश सचिवको जिम्मेवारीमा पनि याक नेपाल रहेको छ ।

## ११. संस्थाद्वारा संचालित कार्यक्रम:

संस्थाद्वारा आर्थिक वर्ष २०८०/०८१ मा निम्न बमोजिमका कार्यक्रमहरु संचालन गरेको थियो ।

| क.सं. | कार्यक्रम | सुरुवात | समाप्ति | साझेदारी |
|---|---|---|---|---|
| १ | खाद्य अधिकार सवलीकरण परियोजना | सन् २००८ | नोभेम्बर २०२५ | Bread for the World, Germany |
| २ | जिविकोपार्जनका लागि समावेशी विकास कार्यक्रम | जुन २०२४ | नोभेम्बर २०२४ | UNDP |

## १२. अधिवेशन तथा साधारण सभा:

संस्थाको विधान अनुसार १० औं अधिवेशन तथा १९ औं साधारण सभा संस्थाका अध्यक्ष धनबहादुर रावलको अध्यक्षतामा २०८० पौष २९ गते धनगढीमा सम्पन्न भएको छ । उक्त कार्यक्रमको प्रमुख आतिथ्यता सुदूरपश्चिम प्रदेश सभाका सभामुख माननीय भि म बहादुर भण्डारीले गर्नु भएको थियो र विशिष्ट अतिथि धनगढी उप-महानगरपालिका उपप्रमुख कन्दकला राना रहनु भएको थियो । सामाजिक विकास मन्त्रालय,राष्ट्रिय मानव अधिकार आयोग, कृषि ज्ञान केन्द्र, दलित

गैसस महासंघ लगाएतका प्रतिनिधिहरु अतिथि रहनुभएको उदघाटन सत्र याक नेपालका कार्य समिति सदस्य तुलसी शर्माले सञ्चालन गर्नु भएको भने उक्त कार्यक्रममा संस्थाका उपाध्यक्ष पार्वती आग्रीले स्वागत मन्तव्य सहित सहभागीहरुलाई स्वागत गर्नु भएको थियो । यसै गरी संस्थाद्वारा संचालित परियोजनाहरु मार्फत संचालित गतिविधि र उपलब्धिहरु सहितको बार्षिक प्रगति प्रतिवेदन महासचिव हृदय पुजाराले प्रस्तुत गर्नु भएको थियो । साथै आर्थिक बर्ष २०७८/०७९ को आर्थिक प्रतिवेदन याक नेपालका कोषाध्यक्ष संगीता अधिकारीले प्रस्तुत गर्नुभएको थियो । दशौ अधिवेशनबाट बल बहादुर रोकायाको अध्यक्षतामा नौ सदस्यीय कार्यसमिति निर्वाचित भएको थियो ।



*१० औं अधिवेशन तथा १९ औं साधारण सभाको उद्घाटन समारोहमा आफ्नो मन्तव्य राख्दै धनगढी उप-महानगरपालिका उपप्रमुख कन्दकला राना*

### १३. सामाजिक परीक्षण कार्यक्रमः

याक नेपालले १० औं अधिवेशन तथा १९ औं साधारण सभाको अवसर पारेर मिति २०८० पौष २९ गते धनगढी कैलालीमा सामाजिक परिक्षण कार्यक्रम पनि सम्पन्न भएको छ । उक्त सामाजिक परिक्षण कार्यक्रममा सुदूरपश्चिम प्रदेश सभाका सभामुख माननीय भिम बहादुर भण्डारी लगाएत सरोकारवाला सरकारी कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग, गैसस महासंघ नेपाल, दलित गैसस महासंघ लगाएत लक्षित वर्ग, संघर्ष समिति, खाद्य अधिकार संजाल, सामाजिक संस्थाका प्रतिनिधिहरु, पत्रकार गरि २५ जना महिला सहित जम्मा ६१ जनाको सहभागीता रहेको थियो । सो कार्यक्रममा संस्थाद्वारा संचालन गरिएका गतिविधिहरु समेटीको वार्षिक प्रतिवेदन प्रस्तुत गरीएको थियो र लक्षित वर्ग र खाद्य अधिकार संजालका प्रतिनिधि लगाएतले संचालित गतिविधिहरु समय सापेक्ष रहेका र पछाडी पारिएका नागरीकको श्रोत तथा सुविधा प्राप्त गर्नका लागि सहयोगी रहेका र आगामी दिनमा पनि कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा जोड दिएका थिए । उक्त सामाजिक परीक्षण कार्यक्रममा पालिका स्तरीय खाद्य अधिकार संजाल गौरीगंगा न.पा. र लालझाडी गा.पा. संयोजक क्रमशः सुमन सिलाधार र ज्योतिरानाले शुभकामना मन्तव्य राख्नु भएको थियो । त्यस्तै कार्यक्रममा दलित गैसस महासंघ



*सामाजिक परिक्षण कार्यक्रममा याक नेपालले संचालन गरेका क्रियाकलाप बारे जानकारी गराउँदै याक नेपालका कार्यकारी निर्देशक डबल बम*

सुदूरपश्चिम प्रदेश अध्यक्ष प्रेम विसी, कृषि ज्ञान केन्द्र कैलालीका भुमिराज उपाध्याय, मानव अधिकार आयोग सुदूरपश्चिम प्रदेश कार्यालयका गणेशराज जोशीले आफ्नो भनाइ राख्दै खाद्य अधिकार सम्बन्धी लामो अनुभव रहेको र गरिब तथा जोखिममा परेका जनताका लागि याक नेपालले गरेको काम सराहनीय रहेको जसले गर्दा जनताको श्रोत तथा सेवाहरुमा पहुँच बृद्धि भएको कुरा व्यक्त गर्नु भएको थियो । मन्तव्य राख्ने क्रममा कार्यक्रमका प्रमुख अतिथि सुदूरपश्चिम प्रदेश सभाका सभामुख माननीय भिम बहादुर भण्डारीले नेपाली युवाहरु विदेशमा गई श्रम वेच्न वाध्य भएको अवस्था रहेकोले सामाजिक कार्य गरीरहेका याक नेपाल जस्ता संस्थाहरुले पनि युवाहरुलाई स्वदेशमा नै काम गर्ने वातावरण सृजना गर्नु पर्ने बताउदै याक नेपालको उत्तरोत्तर प्रगतीको कामना गर्नु भएको थियो । कार्यक्रमको समापन गर्दै याक नेपालले वर्षभरी गरेका आर्थिक तथा गैरआर्थिक गतिविधिहरुको सामाजिक परिक्षण गरी सार्वजनिक गरेको र आगामी दिनहरुमा पनि यसलाई निरन्तरता दिईने उक्त कार्यक्रमको अध्यक्षता ग्रहण गरिरहनु भएका याक नेपालका अध्यक्ष धन बहादुर रावलले प्रतिवद्धता व्यक्त गर्नु भएको थियो ।

### १४. आवधिक योजना निर्माण:

संस्थाले बझागं जिल्लाको छविसपाथिभेरा गाउँपालिकाको आर्थिक सहयोगमा छबिसपाथिभेरा गाउँपालिकाको विकास तथा समृद्धिका लागि विषय क्षेत्रगत रुपमा पञ्चवर्षिय विकासको लागि तथ्यपरक तथा व्यवस्थित मार्गचित्र तयार गर्ने उद्देश्यले सोहि गाउँपालिकाको प्रथम आवधिक विकास योजना (२०८१/०८२ - २०८५/०८६) निर्माण गरेको छ । योजना निर्माणको क्रममा गाउँपालिकाको वर्तमान अवस्था, वस्तुस्थिति विवरण, गाउँपालिकाको विकासका सवालमा सरोकारवालामाझ छलफल र वडास्तरमा छलफल गरी संभावना, अवसर, समस्या र चुनौतिको विश्लेषण गरिएको छ । गाउँसभा वाट पहिला नै निर्धारण गरेको दीर्घकालीन सोचका आधारमा समष्टिगत लक्ष्य, बिषय क्षेत्रगत उद्देश्य, रणनीति, कार्यनीति एवम् प्रमुख कार्यक्रमहरु र आवश्यक श्रोत प्रक्षेपण सहितका प्रक्रियाबाट यो योजना तर्जुमा गरिएको छ । गाउँ कार्यपालिकाको नेतृत्व तथा गाउँ कार्यपालिकाका पदाधिकारी, विषयगत समितिका पदाधिकारी, विषयगत शाखाका प्रमुख तथा प्रतिनिधि, स्थानीय जानकार व्यक्ति, गाउँपालिकामा कार्यरत विकासका साझेदारहरु र सरोकारवाला लगायत विषय विज्ञहरुको रायसमेतका आधारमा प्रथम आवधिक विकास योजना तयार गरिएको छ ।

### १५. विद्यार्थिलाई इन्टर्नसीप/ओजेटीका लागि सहयोग:

यस संस्थाले समाजमा रहेको विभिन्न खालको ज्ञान, सिप, अनुभवलाई सामाजिक हितका लागी प्रयोग गर्न र समाजलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्न विभिन्न वर्ग समुदायलाई सहयोग र सहकार्य गर्दै आईरहेको छ । जस अन्तरगत विभिन्न शैक्षिक संस्थाहरुबाट इन्टर्नसीप/ओजेटीका लागि संस्थामा आएका विद्यार्थिहरुलाई उनीहरुको विषयगत क्षेत्र संग सम्वन्धित थप ज्ञान दिने गरेको छ । यस आर्थिक वर्षमा कैलाली बहुमुखी क्याम्पसका स्नातक तह, मानविकी संकाय तर्फ विएसडब्लु कार्यक्रमको तेश्रो सेमेस्टरमा अध्ययरत सामाजिक कार्य विषयको प्रयोगात्मक कार्यका लागि २५ छात्रा सहित जम्मा २६ जनाले एक महिना सम्म इन्टर्नसीप/ओजेटी गरेका छन । विद्यार्थीहरुले यस संस्थामा रहेर थप अध्ययन तथा सीप सिकाई गर्ने क्रममा यस संस्थामा कार्यरत अग्रज कर्मचारी /स्वयंसेवकहरु बाट सहभागीहरुलाई उनीहरुको विषयगत क्षेत्रमा व्यवहारिक ज्ञान दिने गरिएको छ र उनिहरुको क्षमता अभिबृद्धीका लागी संस्थाले सञ्चालन गरीरहेका परियोजनाहरुको कार्यस्थलमा नै परिचालन गरी सुपरिवेक्षण र सहजीकरण गर्ने कार्य गराइएको छ ।


## १६. संस्थाको मानवश्रोत विवरण:

- कार्य समिति सदस्य संख्या : ८ जना (महिला: ५ र पुरुष: ३)
- आजिवन र साधारण सदस्य संख्या : ३३ जना (महिला: १८ र पुरुष: १५)
- सल्लाहकार समिति सदस्य संख्या : ५ जना (महिला: १ र पुरुष: ४)
- परामर्शदाता : १ जना (महिला)
- कर्मचारी : ११ जना (महिला: २ र पुरुष: ९)
- ईन्टर्न : १ जना (पुरुष)
- कानुनी सल्लाहकार : १ जना (पुरुष)

## १७ संस्थाद्वारा विगतमा संचालित कार्यक्रम:

| क्र.सं. | परियोजना | बजेट | समय अवधि | कार्यक्षेत्र | साझेदार संस्था |
|---|---|---|---|---|---|
| १ | समुदायमा आधारित खाने पानी तथा सरसफई आयोजना, बझाङ्ग | ८९,७४,९९० | भाद्र २०६३ देखि साउन २०६६ | बझाङ्ग | नेपाल सरकार/ एशियाली विकास वैक |
| २ | दोस्रो सानाशहरी खानेपानीतथा सरसफाई कार्यक्रम (समाजिक परिचालन) शिवनगर धनगढी, कैलाली | ६४,८३,४०० | माघ २०६७ देखि वैशाख २०७१ | धनगढी उप महा नगरपालिका | नेपाल सरकार/एशियाली विकास वैक |
| ३ | स्थानिय शासन तथा समुदायिक विकास कार्यक्रम (LGCDP) | २९,०६,१०० | असार २०६७ देखि असार २०७० | बझाङ्ग | नेपाल सरकार |
| ४ | दिर्घकालिन कृषि सहयोग कार्यक्रम | ९३१७८१ | असार २०६२ देखि वैशाख २०६३ | बझाङ्ग | APPSP/District livestock office Bajhang |
| ५ | साझेदारी विकास परियोजना र स्थानीयशासन र युवा परिचालनकार्यक्रम | २९६६१३०२२ | २०७० देखि २०७५ | कैलाली | USAID |
| ६ | जलवायु अनुकुलन परियोजना | ४२,८९,६५० | साउन २०७१ देखि मंसिर २०७३ | भजनी कैलाली | LI -BIRD/NDF |
| ७ | Adaptation at Scale Prize Project | ३३,४२,६६५ | फागुन २०७३ देखि माघ २०७५ | भजनी र घोडाघोडी न.पा. | DFID/Prize Money |
| ८ | स्थानिय शासन तथा समुदायिक विकास कार्यक्रम (LGCDP) | ११,५८,२५० | साउन २०७१ देखि मंसिर २०७४ | घोडाघोडी न.पा. | नेपाल सरकार |
| ९ | घरबगैचा परियोजना | ३,९७,१०,६३२ | असार २०७२ देखि साउन २०७५ | कैलाली, डडेल्धुरा, वैतडी, डोटी र अछाम | SDC/Swiss Embassy |
| १० | डोटी र अछाम जिल्लामा भु-उपयोगको अवस्थाबारे अध्ययन | ९,४०,००० | भाद्र २०७१ देखि जेठ २०७२ | डोटी र अछाम | केयर नेपाल |
| ११ | मुक्त हलिया, मुक्त कमैया र अपाङ्ग भएका व्यक्तिको अधिकार सुनिश्चित गर्न क्षमता निर्माण र नीतिगत वकालत कार्यक्रम | २४५००० | वैशाख २०८० देखि साउन २०८० | कञ्चनपुर, डोटी | LI-BIRD |

# Organogram of YAC Nepal



# खण्ड ख

## संस्थाद्वारा सञ्चालन गरीएका परियोजना

### सुदूरपश्चिम प्रदेशमा खाद्य अधिकार सबलीकरण परियोजना
### Strengthening the Right to Food Project in Sudurpaschim Province

**१. परिचय:**

खाद्य अधिकार मानवको आधारभूत अधिकार हो । नागरिकको खाद्य अधिकारलाई संरक्षण र प्रवर्द्धनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनले ग्यारेन्टी गरेको र दिगो विकास एजेण्डाले सन् २०३० सम्म भोकमरीको अन्त्य गरी खाद्य सुरक्षा तथा पोषणको सुनिश्चित गर्ने लक्ष्य लिएको छ । यसै गरी नेपालको संविधानको धारा ३६ ले नागरिकको खाद्य अधिकारलाई मौलिक हकको रुपमा ग्यारेण्टी गरेको भएतापनि सुदूरपश्चिममा अधिकांश जनता गरीब र खाद्य असुरक्षाको अवस्थामा रहेका छन् । यस सन्दर्भमा याक नेपालले सुदूरपश्चिम प्रदेशमा खाद्य अधिकार हनन् भएका समुदायको खाद्य र पोषणको अधिकार सुनिश्चित गर्न सहजिकरण गर्ने उद्देश्यले खाद्य अधिकारको दृष्ट्रिकोणले जोखिममा रहेका समुदायको शशक्तीकरण, सेवा प्रदायक निकायको जवाफदेहिता अभिवृद्धि गर्न र जोखिममा रहेका समुदायको खाद्य अधिकार सुनिश्चितताका लागि सामुहिक वकालत तथा पैरवी गर्न र नागरिक समाजको क्षमता विकास गर्न जर्मन सरकार र Bread for the world Germany को वित्तिय सहयोग र फियान इन्टरनेशनलको प्राविधिक सहयोगमा सन् २००८ देखि नेपालको सुदूरपश्चिम प्रदेशका नौ वटै जिल्लामा खाद्य अधिकार सवलीकरण परियोजना (Strengthening Right to food project) सञ्चालन गर्दै आईरहेको छ । यस परियोजनाका लक्ष्य, उद्देश्य र कार्यक्रमिक क्षेत्र निम्न अनुसार रहेका छन् ।

**लक्ष्य:**

सुदूरपश्चिम प्रदेशका जोखिममा रहेका समुदायहरूले आफ्नो खाद्य अधिकारको उपभोग गर्न र उनीहरूको सामाजिक आर्थिक अवस्थालाई बलियो बनाउन योगदान पुऱ्याउने ।

**उद्देश्य:**

सुदूरपश्चिम प्रदेशका खाद्य अधिकारको जोखिममा परेका समुदायहरूले सरकारी स्रोत र सेवाहरूमा पहुँच बढाएर खाद्य अधिकार/खाद्य सुरक्षाको अवस्थालाई मजबुत बनाउने ।

**कार्यक्रमिक क्षेत्र :**

- खाद्य अधिकार हनन् भएका समुदायको सशक्तिकरण
- सेवा प्रदायक निकायको जवाफदेहिता अभिवृद्धि
- सामुहिक वकालत तथा पैरवीका लागि सञ्जालिकरण र सहकार्य

**२. सञ्चालन गरिएका क्रियाकलाप:**

खाद्य अधिकार सवलीकरण परियोजना अन्तरगत उठान गरेका खाद्य अधिकार हनन् भएका समुदायको सवालहरुलाई सम्बोधन गर्न गराउनका लागी सवाल पहिचान, दस्तावेजीकरण, खाद्य अधिकार अवधारणा, कानुनी प्रवाधान, राज्यको दायित्व, योजना तर्जूमा प्रक्रिया, सरकारका वार्षिक नीति तथा कार्यक्रमा, खाद्य अधिकार तथा खाद्य सम्प्रभूता सम्बन्धी ऐन २०७५ सम्बन्धमा अभिमुखीकरण, सिकाई आदान प्रदान कार्यक्रम, अध्ययन भ्रमण आदि आयोजना गरी समुदायको क्षमता अभिवृद्धि गर्न र सेवा प्रवाह गर्ने निकायलाई सवालप्रति उत्तरदायी बनाउन सम्बन्धित

सरोकारवाला निकायहरुसंग समन्वय बैठक, सम्वाद, अन्तरक्रिया, डेलिगेसन, पत्रकार सम्मेलन आदि जस्ता क्रियाकलापहरु सञ्चालन गरिएका थिए ।

## २.१ खाद्य अधिकार हनन् भएका सवालहरु पहिचान र दस्तावेजीकरण:

याक नेपालले स्थानीय सरकार, खाद्य अधिकार संजालहरुसंगको सहकार्य र विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचारका आधारमा सुदूरपश्चिम प्रदेशमा खाद्य अधिकारको दृष्टिकोणले जोखिममा रहेका समुदायको सेवा तथा श्रोतमा पहुँच बढाई खाद्य अधिकार सुनिश्चित गराउने उद्देश्यले आ.ब. २०८०/०८१ मा निम्नलिखित खाद्य अधिकार हनन् भएका सवालहरु पहिचान गरी दस्तावेजीकरण गर्ने कार्य सम्पन्न गरेको छ ।

### क) दलित समुदायको खाद्य अधिकार हनन्को सवाल:



घोडाघोडी नगरपालिका वडा नं ४ सिमथरी मिश्रीत समुदायको वासोवास रहेको बस्ति हो । यो वस्तिमा जनजाति, बाहुन, क्षेत्रिहरुको वाहुल्यता रहे पनि दलितहरुको पनि उल्लेखनिय बसोवास रहेको छ । त्यहाँका दलित समुदायको पुर्ख्योली थलो सुदूपश्चिमको डोटी, डडेल्धुरा तथा बैतडी जिल्ला हो र जिविकोपार्जनको सहजताको विकल्प खोज्दै तराईको कंचनपुर र कैलाली जिल्लामा बसाई सर्दै आईरहेको अवस्था हो । वसाई सराईको क्रममा सिमथरीमा वसोवास गर्ने दलित समुदाय पनि विभिन्न समयमा आई वसोवास गरी बसेका हुन । सिमथरीमा करिव ८० घरधुरी दलित समुदाय रहेका छन् । दलित समुदायको परम्परागत पेशा आरन, कपडा सिउने, बनजन्य कच्चा पदार्थबाट डोका, डाला, नाग्ला बुन्ने जस्ता कार्य रहे पनि समयको परिवर्तनसँगै ति पेशाहरु लोप हुदै गएका छन् । सिमथरीमा वसोवास गर्ने दलित समुदायहरु मध्ये ४ देखी ५ घरपरिवासंग मात्र १ देखी दुई विगाह सम्म आफ्नो लालपुर्जा भएको जग्गा रहेको छ र बाँकी सबै दलित परिवारसंग १ देखी ५ कठ्ठा सम्म मात्र ऐलानी र बसोवासका लागि केहि लालपुर्जा भएको जग्गा रहेको छ । उक्त जग्गाको उत्पादनले ३ महिना पनि खान नपुग्ने भएकाले स्थानिय स्तरमा ज्याला मजदुरी गर्ने र सो काम पनि पर्याप्त नपाईनाले कामको खेजीमा भारत जानु पर्ने बाध्यता रहेको छ । भारतबाट कमाई ल्याएको रकमबाट नै परिवारका सदस्यहरुको गाँस वास, कपास, शिक्षा, स्वास्थ्य जस्ता आधारभूत दैनिक आवश्यकता पुरा गर्ने गरेका छन् । यो दलित समुदायका प्रत्येक घरबाट १ जना देखी ३ जना सम्म कामका लागि भारततिर गएको अवस्था छ । समुदायमा महिला, वालवालिका तथा बृद्धबृद्धा मात्र रहेका छन् । उनीहरु घरमै बसेर सानातिनो कृषी कार्य पशुर्पंक्षि पालन (बाखा, कुखुरा, गाई, भैसी) कार्य गर्दै आईरहेका छन् । वालवालिकहरुलाई

विद्यालय पठाउने कार्य निरन्तर रहेको छ । यस समुदायमा २ देखी ४ जना मात्र सरकारी रोजगार शिक्षक  तथा प्रहरी सेनामा काम गर्ने गरेका छन् बाँकी सबैको शैक्षिक अवस्था  कमजोर भएका कारण सरकारी सेवामा जान नसकेको अवस्था छ । कोही स्थानिय स्तरमा साना व्यापार व्यवसाय समेत गर्दै आईरहेका छन् । तर वि.स. २०७७ मा कोरोना महामारीका कारण ति व्यवसाय पनि धरासयी भएका कारण अन्योलमा रहेका छन् ।  समुदायलाई आफ्नो अधिकार राज्यका नीति कार्यक्रम तथा प्रक्रियाका वारेमा जानकार हुन नसकेको कारण जिविकोपार्जनका लागि आवश्यक उत्पादनशिल श्रोत माथि पहुँच हुन नसकेको र समुदायमा सिंचाईको व्यवस्था नभएका कारण साना व्यवसायिक तरकारी खेति समेत गर्न समस्या रहेको छ । स्थानिय स्तरमा पर्याप्त रोजगार नपाईनु, आर्थिक अवस्था कमजोर रहेका कारण विद्यालय जाने उमेरका वालवालिका कामका लागि भारत जानु पर्ने, सरकारी स्वास्थ्य निकायहरुमा आवश्यक नि:शुल्क औंधषी तथा सुलभ सेवा नपाएका कारण निजी अस्पताल तथा क्लिनिकहरुमा महंगो उपचार गराउनु पर्ने जस्ता समस्याहरु विद्यमान रहेका छन् । अत: निम्न बमोजिमको समुदायका प्राथमिकताका क्षेत्र तथा मागहरु रहेका छन् ।

- व्यवसायिक तरकारी खेतिका लागि करारमा जग्गा उपलब्ध हुनु पर्ने ।
- तरकारी खेति तथा वालिको उत्पादकत्व बृद्धिका लागि समुदायमा सिंचाईको व्यवस्था हुनु पर्ने
- व्यवसायिक शिपमुलक तालिमा ( ईलेक्ट्रीसियन, पलम्वर, सिलाई कटाई,) आदी उपलब्ध गराईनु पर्ने ।
- सरकारको योजना तर्जुमा प्रकिया तथा नीति तथा कार्यक्रम तथा सो प्राप्त गर्ने प्रक्रियाको वारेमा अभिमुखीकरण ।
- जिविकोपार्जनमा सहयोग हुने खालका तरकारी खेति, बाख्रापलान आदिको व्यवस्था हुनु पर्ने ।

## ख) बाढी तथा नदी कटानबाट प्रभावित समुदायको खाद्य अधिकार हननको सवाल:



भूमिहीन तथा सुकुम्वासीहरुलाई निश्चित रकम लिई जग्गा प्रदान गर्ने बन सुद्धिकरण कार्यक्रम अन्तरगत जग्गा पाउने आशमा कैलाली जिल्लाको विभिन्न स्थानमा बसोवास गरीरहेका सुकुम्वासीहरु करिब ६०० विगाह जमिन ओगटी करिव ५०० घरधुरी वि.सं. २०४४ सालमा भगड्डीमा वसोवास गरेका थिए ।

जिविकोपार्जनको प्रमुख पेशा कृषि रहेको र ब्राहमण, क्षेत्री, दलित तथा जनाजातिको वसोवास रहेको यस मिश्रित समुदायमा हाल करिव २९५ घरधुरीले ३०० विगाह भोगचलन गरी बसोवास गरीरहेको छन । सो समुदायमा करीब १५५० जनसंख्या रहेको अनुमान छ । यहा वसोवास गर्ने परिवारहरुले  ५ कठ्ठा देखी बढीमा २ विगाह सम्म भोगचलन गर्दै आईरहेका छन । वि.सं. २०४४ सालमा  वसाई सरी आएका परिवारहरुले भोगचलन गरीरहेको करीब ३०० विगाह जमिन कान्द्रा नदिले कटान गरेपछि बाकि परिवार अन्यन्त्र विस्थापित भएका छन ।

सो समुदायमा वसोवास गर्ने ६५ प्रतिशत परिवारहरु संग ५ कठ्ठा भन्दा कम जग्गा रहेको र सो जग्गाको आफ्नो उत्पादनले बढीमा ३ महिना सम्म मात्र पुग्ने गर्दछ र २५ प्रतिशतसँग मात्र करिव १ विगाह जति जग्गा रहेकोले आफ्नो जग्गाको उत्पादनले ६ महिना सम्म खान पुग्नेगर्दछ भने १० प्रतिशतको मात्र १ विगाह भन्दा बढी जग्गा रहेकोले १२ महिना खान पुग्ने गर्दछ । आफ्नो जग्गाको उत्पादनले वर्ष भरी खान नपुग्ने भए पछि त्याहा वासीन्दा स्थानिय स्तरमा ज्याला मजदुरी, अरुको जग्गा अधिया लगाउने गर्ने गर्दछन् । उक्त काम पनि पर्याप्त नपाईने भएकाले कामका लागि भारत जाने गर्दछन् । यस समुदायमा करिव १० देखी १२ जना सरकारी कर्मचारी (शिक्षक, नेपाली सेना तथा प्रहरी आदीमा ) रहेका छन । राज्यका नीति तथा कार्यक्रमहरुका वारेमा समुदायका मानिसहरु खासै जानकार नरहेका र कहाँबाट कसरी प्राप्त गर्न सकिन्छ भन्ने कुराको जानकारी समेत नहुने भएकाले सूचनाको हकबाट बन्चित रहनु परेको समुदायका वासिन्दाले बताएकाछन । राज्यबाट प्रदान गरिने सेवा सुविधा माथि पहुँच नरहेका कारण श्रोतबाट बन्चित रहनु परेको अवस्था छ, सरकारले प्रदान गर्ने सेवा तथा सुविधाका वारेमा जानकार नरहेको कारण राज्यको सेवा प्राप्तिका लागि राज्यका निकायतिर समेत जान नसकेको अवस्था छ । स्थानिय स्तरमा मा.वि. तह सम्मको सामुदायिक विद्यालय नजिक रहेकाले सबैवालवालिको शिक्षामा सहज पहुँच रहेको छ । प्राथमिक स्वास्थ्य उपचारका लागि स्थानिय स्तरमा स्वास्थ्य चौकी नरहेकाले स्वास्थ्य उपचारमा समस्या रहेको छ। वसोवास गरेको साल देखी नै वर्षेनी बाढी लाग्ने भएकाले प्रत्येक वर्ष जस्तो धान वाली नोक्सान हुने भएकाले खान लगाउन अति नै समस्या रहेको छ। हाल सम्म करिव ३०० विगाह जति समुदायको जग्गा कान्द्रा नदिले कटान गरी नष्ट गरी सकेको छ भने बाँकी रहेको जग्गा पनि वाढीले कटान गर्ने चुनौति विद्यमान छ । खाद्य अधिकार तथा खाद्य सुरक्षाका लागि समुदायका निम्न सवालहरुको सम्बोधन गर्नु पर्ने अवस्था रहेको छ।

- जग्गा कटान, पटान तथा डुवानबाट जोगाउनका लागि कान्द्रा नदीमा तटबन्धको व्यवस्था हुनु पर्ने।
- खेतिका समयमा आवश्यक मल बीउ विजन तथा सिंचाईको यथोचित व्यवस्था हुनु पर्ने।
- स्थानिय स्तरमै पर्याप्त रोजगार सृजना गरी रोजगार उपलब्ध गराईनु पर्ने।
- राज्यका नीति तथा कार्यक्रम तथा सो प्राप्त गर्ने प्रकियाका वारेमा अभिमुखीकरण हुनु पर्ने।
- स्वरोजगारका लागि व्यवसायिक तालिम जस्तै तरकारी खेति, सिकर्मी, डकर्मी, मोटरसाईल मर्मत, पलम्बर आदी उपलब्ध गरइनुपर्ने ।
- स्थानिय स्तरमा स्वास्थ्य उपचारका लागि स्वास्थ्य क्लीनिक स्थापना गरीनु पर्ने।
- उत्पादन र उत्पादकत्वलाई ध्यान राखी सरकारले करार खेतिको व्यवस्था गरि जग्गा उपलब्ध गराइनु पर्ने।

### ग) श्रोत माथि पहुँच नभएका कारण खाद्य अधिकार हननको सवालः

आज भन्दा करिब ५६ वर्ष पहिले अर्थात २०२४ सालमा स्थापित अण्डैया वस्ति हो । अण्डैया क्षेत्र बृहत वस्ति हो, बस्ति भित्र दर्जन भन्दा बढी गाउँटोलहरु रहेको छ । जसमध्ये जनजागृति टोल पनि एक हो। विशेष गरी यसै कैलाली जिल्लाको साविक मोहोन्याल गा.वि.स.बाट शूरुमा १२ घरपरिवार मात्र आएर जनजागृति टोलमा बसेका हुन, पछि विस्तारै त्यही मोहोन्याल तथा विभिन्न पहाडी जिल्लाबाट समेत बसाई सरी आएका हुन । हाल त्यहाँ करिव १५० घरधुरी

रहेको छ । यो समुदायमा मिश्रित जातजातिको वस्ति रहेको छ । तर दलित समुदायको बाहुल्यता (८० प्रतिशत) रहेको छ। यहाँ आउनका प्रमुख कारण पहिले समुदायका मानिसहरुसंग प्रर्याप्त जग्गा नरहेको र भएको जग्गा पनि घर अलग भई भिन्न हुदाँ खान लाउन नपुग्ने भएपछि तराई जिल्लाहरुमा सहज जिविकाको सपना देखेर बसाई सरी आएका हुन । जनजागृति वस्तिमा कसैको पनि नम्मरी जग्गा रहेको छैन । घरवासका रुपमा आधा कठ्ठा देखी बढीमा ५ कठ्ठा सम्म मात्र ऐलानी जग्गा रहेको छ । अलि बढी जग्गा हुनेको परिवार संख्या पनि ८ देखी १३ जना सम्म रहको अवस्था छ । भोगचलन गरीरहेको जग्गाको उत्पादनले ३ महिना पनि खान नपुग्ने भएपछि बैकल्पिक उपायको रुपमा पहिले आरन चलाउने, कपडा सिउने, डकर्मी जस्ता परम्परगत पेशा तथा ज्याला मजदुरीबाट जिविका चलाउने गरेका थिए ।



परम्परागत पेशाबाट पनि प्रर्याप्त कमाई नहुने भए पछि बाध्य भएर थोरै कमाई भए पनि जिविकोपार्जनमा सहयोग हुने भएकाले पेशा अपनाईरहेका छन् । समयको परिवर्तन संगै बजारमा आधुनिकरण ग्रिल उद्योग तथा अन्य आधुनिक सामग्री आएका कारण उनीहरुको परम्परागत पेशामा असर पारेकोले समस्या पैदा हुदा हाल विस्थापनमा पुगेको छ । परम्परगत पेशालाई राज्यले संरक्षाण सम्वर्द्धन गर्न नसकेका कारण दलित समुदायका मानिसहरु स्वरोजगार हुन सकेनन् । शिप भएर पनि आर्थिक अवस्था कमजोर भएकोले अर्काको ज्याला मजदुरी गर्न बाध्य रहेका छन् । स्थानिय स्तरमा ज्याला मजदुरीका काम पनि प्रयाप्त नपाईने र ज्याला पनि न्यून भएका कारण उक्त कार्यबाट जिविका चलाउन कठिन छ । सरकारबाट संचालन हुने प्रधानमन्त्रि स्वरोजगार कार्यक्रमहरु बारेमा समेत जानकारी नरहेको र स्थानिय स्तरमा काम नपाईने भएपछि बाध्य भएर कामका लागि भारत जानु परेको अवस्था छ । हाल त्यहाँका मानिसहरु पूर्ण रुपमा भारतको कमाईमा निर्भर रहेका छन् । बस्नलाई घर भएर मात्र नपुग्ने भएकाले दैनिक गुजराका लागि आवश्यक पर्ने लत्ता कपडा, नून तेल जस्ता दैनिक घरयासी प्रयोगका आधारभूत आवश्यकता तथा शिक्षा, स्वास्थ्य तथा उपचार आदी पूरा गर्न समस्या रहेको छ । यस समुदायमा ८ जना अपांगता भएका मानिसहरु रहेका छन् र सबैले परिचय पत्र तथा सामाजिक सेवा पाईरेहको अवस्था छ । बृद्ध बृद्धाहरु परिचय पत्र सहित सामाजिक सेवा पाईरहेको अवस्था रहेको छ । खानेपानीका लागि योजना शुरुवात भए पनि समुदाय स्तरमा धारा नपुगेकाले नल्काको पानी खान पर्ने बाध्यता रहेको छ । स्थानिय जनजागृति विद्यालयमा डिप बोरीङ्ग रहेकोले त्यहाँबाट पानी बोकी खाने गरेको अवस्था छ । सरकारी नीति तथा कार्यक्रमको वारेमा जानकार नभएका कारण राज्यबाट प्रदान गरिने सेवा सुविधाहरुबाट बन्चित रहेको अवस्था रहेको छ । सिंचाई सुविधा नभएका कारण उत्पादन कम भएको र आर्थिक अवस्था पनि कमजोरका कारण वालवालिकाहरु विद्यालय छाड्ने क्रम बढ्दो, रोजगारका अभावका कारण आन्तरीक तथा बाह्य ज्यालादारी गर्नु पर्ने, समयमा सूचना अभावका कारण प्रधानमन्त्रि रोजगार कार्यक्रम जस्ता अन्य सेवा सुविधाहरुबाट बन्चित, समुदायमा समूह नरहेका कारण राज्यको प्राथमिकताामा नपर्नु र स्थानिय स्तरमा राम्रो स्वास्थ्य संस्था नभएका

कारण स्वस्थ्य उपचार लगायतका समस्याहरु भोग्दै आईरहेको अवस्था छ । अत: समुदायले निम्न बमोजिमको आफ्नो प्राथमिकताका क्षेत्र निर्धारण गरेको अवस्था छ ।

- सिचाई सुविधाको लागि बोरींङ्ग तथा कुलोको व्यवस्था हुनु पर्ने ।
- अपनाईरहेको आरन, कपडा सिउने जस्ता परम्परागत पेशालाई संरक्षण सम्वर्द्धन गरी स्वरोजगारको व्यवस्था हुनु पर्ने ।
- जिविकोपार्जनमा सहयोग पुग्ने खालका प्रधानमन्त्रि तथा स्वरोगार कार्यकमका लागि व्यवस्था हुनु पर्ने ।
- करेसावारी तथा तरकारी खेति सम्वन्धि तालिम र आवश्यक प्रविधि सहतिको श्रोतहरु उपलब्ध हुनु पर्ने ।
- स्वरोजगार हुन खालको पलम्वर, वाईरींङ्ग, सिकर्मी, डकर्मी, सिलाईकटाई तथा खेलौना निर्माण लगायतका तालिमहरुको व्यवस्था गरी श्रोत उपलब्ध गराउन पर्ने ।
- मानव अधिकार तथा खाद्य अधिकार, सरकारको नीति तथा कार्यकम तथा प्राप्त गर्ने प्रकिया, योजना तर्जुमा प्रकिया तथा प्रधान मन्त्रि रोजगार कार्यकम सम्वन्धि तालिम तथा अभिमुखीकरणहरु कार्यक्रम संचालन गरीनुपर्ने ।

### घ) जिविकोपार्जनका श्रोत, खानेपानी र सिंचाई माथि पहुँच नभएका कारण खाद्य अधिकार हनन्को सवाल:

वि.सं. २०६५ सालमा बझाङ्ग, बैतडी र डोटी जिल्ला बाट वसाई सरी आएका परिवार स्थाई रुपमा कैलाली जिल्लाको घोडाघोडी नगरपालिकाको वडा न. ८ बस्दै आएको बस्ति जरही हो । जरही मिश्रित समुदाय हो, जहा २५ परीवार दलित, ५ परीवार जनजाती र १ परिवार क्षेत्रि गरी जम्मा ३१ घरपरिवारको वासोवास रहेको छ, जसमध्ये दलित २५ घरपरिवारहरुको आफ्नो परम्परागत पेशा लोप भएपछि जिविकोपार्जनको लागि अन्य पेशा खेतिपाति तथा कृषिमा फर्कनु परेको अवस्था छ । उनीहरुसंग १० धुर देखी ४ कठ्ठा ऐलानी जग्गा भोगचलन गर्दै आईरहेका छन् । उक्त जग्गाको उत्पादनले मुस्किलले ३ महिना खान पुग्ने समुदायका व्यक्तिहरुले भनेका छन । खानेपानी तथा सिचाइको अभावको कारण जग्गा जमिन हुदाहुदै पनि कृषि पेशा बाट लाभान्वित हुन नसकेको अबस्था छ । उत्पादनशिल श्रोत सिंचाई, मल बीउ विजन, प्रविधि तथा कृषि सामग्री माथिको प्रर्याप्त पहुँच नभएका कारण कृषि पेशाबाट पनि खान नपुगेपछि बैकल्पिक उपायको रुपमा स्थानिय स्तरमा दैनिक ज्यालादारीमा काम गर्ने गर्दछन् र आएको आम्दानीले दैनिक उपभोग्य बस्तु खरीद गरी जिविका चलाउन बाध्य रहेका छन । स्थानिय स्तरमा ज्यालादारी काम पनि प्रर्याप्त नपाइने भएकोले ज्यालादारी कामको खोजिमा देश भित्र तथा छिमेकी राष्ट्र भारत जान बाध्यता रहेको छ । सो समुदायमा सिचाईको व्यवस्था नहुँदा अधियामा खेती लगाउने सम्भावनाका साथ साथै आर्थिक अभावका कारण ठेक्कामा जग्गा कमाउन नसकेको अवस्था रहेको छ ।

वालवालिकाहरुलाई उच्च शिक्षा सम्म पठाउने जरही समुदायका अभिभावकको ठूलो धोको रहेपनि बेरोजगारी तथा आर्थिक अभावका कारणले उच्च शिक्षाको सपना, सपनामै सिमित रहेको छ । विद्यालय जाने उमेर (१२ देखी १६ वर्ष) उमेरका वालवालिका कामका लागि भारत जाने गरेका छन सो समुदायबाट १० जना बालबालिका गरी करीब ३० जना जति कामको लागी भारत गएको अवस्था छ । खानेपानी तथा सिंचाईको लागि आवश्यक पर्ने बोरीङ्ग तथा ट्याङ्की समुदायमाबाट टाढा रहेको र समुदायमा जम्मा ३ वटा मात्र खानेपानीको लागी धाराहरु बितरण भएकाले अप्रयाप्त र खर्चिलो रहेको छ । कम्तिमा पनि ४० देखि ४५ मिनेट पानी भर्नका लागि लाईनमा बसी समय खर्चिनु पर्ने अबस्था छ भने प्रत्येक महिना रु १०० का दरले शुल्क तिर्नु पर्छ । उक्त खाने पानीको

गुणस्तर चेक जाँच नभएकोले त्यस पम्पको पानी खानयोग्य हो की होईन भन्ने पनि थाहा छैन तर पनि अरु बिकल्प नहुदा खान बाध्य रहेका छन् । नेपाल सरकारले बि.स. २०७६ सालमा नेपाललाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा गरी सकेको भएतापनि यस समुदायका मानिसहरु शौचालय नभएका कारण बाहिर जंगल तथा खोलामा गई शौच गर्न बाध्य रहेका छन् ।

प्रर्याप्त जग्गा तथा सिचाईको असुबिधा हुदा आकाशे पानीको भरमा खेति गर्नु पर्ने बाध्यता, शुद्ध खानेपानीको चरम समस्या, विजुलीको प्रर्याप्त सुविधा नहुनु, स्वरोजगार हुन नसक्नु, उचित आवासको व्यवस्था हुन नसक्नु, राज्यबाट प्रदान गरिने सेवा सुविधा, नीति तथा कार्यक्रमहरुको वारेमा समेत जानकर नहुनु वा सूचना नपाउनु जस्ता समस्या रहेको छ । अतःसमुदायको निम्न बमोजिमको माग तथा प्राथमिकताका क्षेत्रहरु रहेको छ ।

- खानेपानी सुबिधाका लागी हाते नल उपलब्ध हुनु पर्ने वा स्थानिय स्तरमा रहेको बोरिङ्गको व्यवस्थित गरी उक्त टयांकीको पानी घर घरमा धाराको व्यवस्था हुनु पर्ने ।
- सिचाईको लागि स्थानिय स्तरमा बोरिङ्ग रहे पनि उक्त बोरिङ्ग संचालनका लागि विद्युतको लागि कृषि मिटरको व्यवस्था गरी बीच बीचमा सिचाईका लागि साना कुलोको व्यवस्था हुनु पर्ने ।
- समुदायमा रहेको सबै घरमा विद्युत लाइन बिस्तार हुन पर्ने ।
- जिविकोपार्जनलाई सहज बनाउन रोजगार ग्यारण्टी र लक्षित कार्यक्रम मार्फत स्वरोगार सम्वन्धि कार्यक्रम उपलब्ध गराउनु पर्ने ।
- जिविकोपार्जनमा सहयोग पुग्ने खालका बाखापालन, भैसी पालन कार्यक्रम मार्फत समुदायको आर्थिक सवलिकरण तथा बैकल्पिक रोजगारीको ब्यबस्था हुन पर्ने ।
- स्वरोजगार सृर्जनाका लागि भईरहेको दक्ष कामदारहरुलाई प्रयाप्त काम दिनु पर्ने र शिप नजानेकालाई व्यवसायिक तालिम दिई आवश्यक श्रोत उपलब्ध गराउनु पर्ने । जस्तै पलम्वर, घर वाईरीङ्ग, सिलाईकटाई तथा मोटरसाईकल मर्मत आदी ।
- उत्पादन र उत्पादकत्व बढाउनका साथै समुदायलाई आर्थिक अवस्थामा सुधारका लागि ठेक्कामा जग्गा लिई कृषि कार्यमा संलग्न गराउने ।
- जनताआवास कार्यक्रमबाट छुटेका ८ घरहरु पनि खरमुक्त छानो अभियान अन्तर्गत सुरक्षित आवाशको ब्यबस्था गरीनुपर्ने ।
- मानव अधिकार, दलित अधिकार तथा राज्यका नीति तथा कार्यक्रम वारे जानकारी मुलक तालिम हुनु पर्ने ।
- निशुल्क उच्च शिक्षा तथा प्राविधिक शिक्षाको प्रावधानलाई व्यवहारीक कार्यान्वय गरी शिक्षाको अधिकारलाई ग्यारेन्टी हुनु पर्ने ।
- स्वास्थ्य तथा उपचार सेवा सहज र सर्वसुलभ रुपमा प्राप्त हुनु पर्ने ।
- संविधानमा उल्लेख भए बमोजिम दलितहरुलाई एकपटक जग्गा उपलब्ध गराई भारत पलायन हुनबाट जोगाउनु पर्ने ।

### ङ पुर्नस्थपना हुन नसकेका कारण खाद्य अधिकार हननको सवालः

कंचनपुर जिल्लाको लालझाडी गाउँपालिका वडा नं. २ कसवामा बस्ने दलित समुदाय तथा सुकुम्वासीहरु २००७ साल देखी नै उक्त दोदा नदीको किनारमा बसोवास गर्दै आएको समुदाय

हो । त्यहाँ वस्दा उनीहरुसंग घरवासको लागि मात्र केही परिवारसंग पूर्जा रहेको जग्गा थियो र धेरैसंग ऐलानी जग्गा रहेको थियो । आफ्नो जग्गाको उत्पादनले खान नपुगे पछि अन्य स्थानिय किसानहरुको घरमा कमैया तथा हलिया बस्दै आएका थिए र केहीले अधिया जग्गा समेत लगाउने गरेको थिए । वर्षेनी आउने बाढीका कारण त्यो समुदाय अति जोखिममा रहेको थियो र प्रत्येक वर्ष बाढीको समस्या झेल्दै आईरहेका थिए । विशेष गरी २०६४ सालमा आएको ठूलो बाढी उनीहरुको घर जग्गा तथा खाद्यान्न सबै बगाई लगे पछि सुरक्षाको लागि दोदा नदीको किनारमा पहिले बसेको स्थानबाट करिव २ कि.मी माथि लालझाडी सामुदायिक बनको क्षेत्रमा उच्च स्थानमा वसोवास गर्दै आईरहेका छन् । समुदायमा जम्म १०२ घरधुरी रहेको छन् । उक्त घरधुरीहरुमा दलित, जनजाति तथा अन्य समुदाय गरी मिश्रित रहेको जसमा आधा भन्दा बढी दलित समुदाय रहेको छ । त्यहाँ वसोवास गर्ने सबै घरपरिवारसंग करिव २ देखी ३ कठ्ठा भन्दा बढी जग्गा रहेको छैन । उनीहरुको आफ्नो जग्गाको उत्पादनले २ महिना पनि खान नपुग्ने भएकाले बैकल्पिक उपायको रुपमा स्थानिय स्तरमा दैनिक ज्यला मजदुरी धान काट्ने रोप्ने, उखु काट्ने बाटो निर्माण तथा घर निर्माण कार्यमा संलग्न रहेका छन् । दैनिक ज्याला पनि महिलाहरु रु.४५० र पुरुषहरु ५००  पाउने गरेका छन् । स्थानिय स्तरमा दैनिक ज्याला मजदुरीको काम पनि नपाइने भएकाले कामको खोजीमा भारत जाने गरेका छन् ।

२०६५ सालमा मुक्त भएका  मुक्त हलिया समुदायमा जम्मा १७ घरपरिवार मुक्त हलियाको वसोावस रहेको छ, जसमा ७ जना हरीयो परिचय पत्र पाईसकेको अवस्था र बाँकी ९ जना छुट लगतमा समावेश रहेका छन् । नीलो कार्ड पाएका ४ जना  मुक्त हलिया २०६६ सालमा पुर्नस्थापनाका क्रममा घर मर्मतका लागि भनि प्रति परिवार रु १ लाख २५ हजार, मुक्त हलिया पुर्नस्थापनाक कार्यविधि अनुसार पाउनु पर्नेमा पहिलो किस्ता रु ८५ हजार मात्र पाएका तर दोस्रो किस्ता  पाउन नसकेको अवस्था छ । सरकारको निःशुल्क तथा अनिवार्य शिक्षा नीतिका कारण स्थानिय विद्यालयहरु भानु मा.वि. कन्ज र शिवशंकर आधारभूत विद्यालयमा यस समुदायका वालवालिका अध्ययन गर्ने मौका पाएका छन् । यस समुदायमा कक्षा १२ भन्दा माथि १ जना स्नातक तहमा अध्ययन गरीरहेका छन् भने ११ जना कक्षा ११ देखी १२ मा विभिन्न विषयमा अध्ययन गरीरहेका छन् । .आर्थिक अवस्था कमजोर रहेकोले सो भन्दा माथि अध्ययन गर्न सकेको अवस्था छैन । खाने पानीका लागि प्रत्येक घरमा ह्याण्ड पम्प जडान गरेको छ तर  खानको लागि उपयुक्त भए नभएको जानकारी  तथा चेक जाँच  बिना खाने गरेको छन् । उपचारको लागि नजिक स्वास्थ्य चौकी रहेको छैन, वडा कार्यालय रहेका स्थानमा स्वास्थ्य चौकी रहेको छ । स्वास्थ्य चौकीमा चेक जाँच गराउदा औषधी नपाईने भएकोले बाध्य भएर निजि क्लिनिकहरुमा महंगो शुल्क तिरेर उपचार गराउनु पर्ने अवस्था रहेको छ । गम्भिर प्रकृतिका रोग लागेका खण्डमा बेलौरी तथा धनगढी उपचार गराउन जानु पर्ने बाध्यता रहेको छ । वसोवास तथा भोगचलन गरीरहेको जग्गा प्राप्तिको लागि राष्ट्रिय भूमि आयोगबाट प्राप्त सेतो फारम भरेको छ तर कहिले लालपुर्जा पाउनेहो निश्चित छैन ।  वेरोजगारी तथा गरिवी घटाउनका लागि सरकारले प्रधानमन्त्रि रोजगार कार्यक्रम, कृषीमा अनुदान कार्यक्रम, करार खेति, लक्षित समुदाय कार्यक्रम, योजना तर्जुमा प्रक्रिया तथा सरकारको नीति तथा कार्यक्रम, प्राप्त गर्ने प्रक्रिया तथा सूचना नपाउनु, आफ्नो अधिकार के हो ? भन्ने वारेमा जानकारी नहुनुका साथै खानेपानी, शिक्षा, स्वास्थ्य तथा रोजगारमा निकै समस्या रहेको छ । अत: ति समुदायका मानिसहरुको निम्न बमोजिमको प्राथमिकताको क्षेत्र तथा मागहरु रहेका छन् ।

- जिविकोपार्नका लागि स्वरोजगार हुन सक्ने शीपमुलक तथा व्यवसायीक तालिम सिलाई कटाई, गहना निर्माण, तरकारी खेति, सिकर्मी, डकर्मी मोटरसाईल मर्मत आदी ।
- अनुदान सहीत करार खेति तथा जिविकोपार्जनमा सहयोग पुग्ने खालको तरकारी खेति तालीम र आवश्यक मल बीउ विजन ।
- दलित समुदायको लागि उच्च शिक्षाको लागि नीतिगत व्यवस्था भए बमोजिमको कार्यान्वयन हुनु पर्ने ।
- प्रर्याप्त सिंचाईको लागि बोरींग हुनु पर्ने ।
- स्वच्छ खाने पानीको धारा हुनु पर्ने ।
- सरकारको नीति तथा कार्यक्रमहरुको वारेमा जानकारी र प्राप्त गर्नेप्रक्रियाहरु वारेमा अभिमुखीकरण र
- मुक्त हलिया सम्वन्धि नीति तथा कार्यक्रमहरुको वारेमा जानकारी तथा अभिमुखीकरण हुनु पर्ने ।

## २.२ क्षमता अभिवृद्धि कार्यक्रमः

सामाजिक, साँस्कृतिक तथा आर्थिक दृष्टिकोणले जोखिममा रहेका समुदायको अधिकार सुनिश्चितताका लागि समुदाय, महिला, दलित, खाद्य अधिकार प्रवर्द्धनकर्ताको क्षमता अभिबृद्धि र सेवा प्रदायक निकायको दायित्व प्रवर्द्धन गर्नका लागि यस आर्थिक बर्ष २०८०/०८१ मा निम्न बमोजिमका विभिन्न तालीम गोष्ठी, अभिमुखिकरण आदी कार्यक्रम सञ्चालन गरिएका थिए ।

### ❖ समुदाय स्तरीय अभिमुखिकरण कार्यक्रमः

### क. खाद्य अधिकार अवधारणा सम्बन्धि अभिमुखीकरणः

खाद्य अधिकार हनन् भएका समुदाय, संघर्ष समितिका सदस्यहरुलाई खाद्य अधिकारको अवधारणा, मापदण्ड (उपलब्धता, पर्याप्तता, पहुँच र निरन्तरता), राज्यको दायित्व (सम्मान, संरक्षण र परिपूर्ति), राष्ट्रिय अन्तराष्ट्रिय कानूनी प्रावधान र खाद्य अधिकार तथा खाद्य सम्प्रभूता सम्बन्धी ऐन २०७५ तथा नेपालको संविधान २०७२ मा व्यवस्था भएका मौलिक हकका बारेमा सचेत गराई अधिकारमाथि दाबी गर्न सक्ने क्षमताको विकास गराउने उद्देश्यले तपसिल बमोजिमका समुदायलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएका थिए ।

| क्र.स. | समुदाय | मिति | स्थान | सहभागि | |
|---|---|---|---|---|---|
| | | | | पु. | म. |
| १ | अपाङ्गगता भएका समुदायका सदस्यहरुलाई अधिकार सम्बन्धि अभिमुखीकरण | २०८० भदौ २६ | लालझाडी ४ सिकलपट्टि जाइ, कञ्चनपुर | ४ | २९ |
| २ | बाढी तथा नदीकटानका कारण खाध अधिकार हनन् भएको समुदाय घोडाघोडी ५ भगडी | २०८० भदौ १८ | सुखड, कैलाली | १६ | ६ |
| ३ | जिविकोपार्जनको स्रोतमाथी पहुच नभएका कारण खाध अधिकार हनन् भएको समुदाय घोडाघोडी ८ जरही | २०८० भदौ १८ | सुखड, कैलाली | १४ | १० |
| ४ | दलित समुदायको जिविकोपार्जनको स्रोतमाथी पहुच नभएका कारण खाध अधिकार हनन् भएको समुदाय घोडाघोडी ४ सिमथरी | २०८० भदौ १२ | सुखड, कैलाली | ८ | ३१ |
| | **जम्मा ११७** | | | **४१** | **७६** |

## ख. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धि अभिमुखीकरण

खाद्य अधिकार हनन् भएका समुदाय, संघर्ष समितिका सदस्यहरु तथा खाद्य अधिकार सञ्जालका प्रतिनिधिहरुका लागी प्रधानमन्त्री रोजगार कार्यक्रमका बारेमा सचेत गराई रोजगार प्राप्त गर्ने बिधि तथा प्रकृयाका बारेमा क्षमताको विकास गराउने उद्देश्यले तपसिल बमोजिमको अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएका थिए ।

| क्र. सं. | समुदाय | मिति | सहभागि | | सहजकर्ता |
|---|---|---|---|---|---|
| | | | पु. | म. | |
| १ | खाद्य अधिकार हनन् भएका १६ समुदाय, खाद्य अधिकार सञ्जाल तथा महिला समूहका सदस्यहरु | २०८० फागुन २३ | ९ | १८ | - चन्द्र ब. महर, रोजगार संयोजक<br>महेश मल्ल - रोजगार सहायक धनगढी उ.म.न.पा. कैलाली |
| २ | जनजागृति कृषक महिला समूह गौरीगंगा ५ अण्डैया कैलाली | २०८० फागुन २७ | १ | १७ | -सर्जु प्रसाद चौधरी<br>परियोजना अधिकृत, याक नेपाल कैलाली |
| ३ | जरही कृषक महिला समूह घोडाघोडी ८ जरही कैलाली | २०८० फागुन २७ | ० | १६ | मनोज पुजारा–इन्टर्न याक नेपाल |
| ४ | सुनौलो कृषक महिला समूह देदकोट ९ सुन्दरपुर | २०८० फागुन २७ | ५ | १८ | बिनोद सिह<br>परियोजना अधिकृत, याक नेपाल कैलाली |
| ५ | संर्घषशील महिला कृषक समूह वेदकोट ७ गाउजी कन्चनपुर | २०८० फागुन २७ | ० | १५ | बिनोद सिह<br>- परियोजना अधिकृत, याक नेपाल कैलाली |
| ६ | सेवा तथा सुविधाबाट बञ्चित समुदाय –बेदकोट ३ लिप्ना | २०८० फागुन २८ | १२ | १२ | बिनोद सिह<br>- परियोजना अधिकृत, याक नेपाल कैलाली |
| | **जम्मा ९६** | | **१८** | **७८** | |

## ग) महिला समूह गठन, अभिमुखीकरण तथा सहजीकरण

आर्थिक दृष्ट्रिकोणले पछाडी परेका महिलाहरुको राज्यबाट प्रवाह गरिने सेवा तथा सुविधामाथि पहुँच अभिवृद्धि गराई उनीहरुको आर्थिक सामाजिक अवस्थामा सुधार ल्याउने उद्देश्यले यस आर्थिक बर्ष २०८०/०८१ मा परियोजना कार्य क्षेत्रका समुदायमा ६ वटा महिला समूह गठनमा सहजिकरण गरी कैलाली जिल्लाका ७ वटा महिला समूहका प्रतिनिधिहरु मध्ये २ वटा समूह ( इन्द्रेणी, सप्तरंगी) ले भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्रमा बाखापालनका लागी, २ वटा समूह (कालिका, जरही)ले तरकारी खेतीका लागी कृषि ज्ञान केन्द्र कैलालीमा र कञ्चनपुर जिल्लाका १० समूह मध्ये ६ समूहले तरकारी खेती तथा ४ समूहले तरकारी र थारु आलूको लागी कृषि ज्ञान केन्द्रबाट प्रकाशित गरेको सूचना अनुसार याक नेपालले प्रस्तावना लेखन कार्यका सहजीकरण गरेको थियो । साथै बेदकोट नगरपालिका वडा नं. ५ धरमपुरमा रहेको नमूना महिला समूहले साना सिंचाइमा लागी वेदकोट नगरपालिकामा प्रस्तावना पेश गर्ने कार्यमा याक नेपालले अभिमुखीकरण तथा सहजीकरण गरेको थियो ।

## घ) च्याउखेति तथा तरकारी खेती सम्वन्धी अभिमुखीकरण

याक नेपालले आयोजना गरीएका योजना तर्जुमा प्रक्रियाका साथै वार्षिक योजना तथा कार्यप्रक्रिया सम्वन्धी अभिमुखिकरण कार्यक्रमबाट जानकारी पाए पश्चात समूहका प्रतिनिधिहरुले सरकारको वार्षिक कार्यक्रमको प्राप्तीका लागि प्रक्रियापुरा गरी मागहरु पेश गरेका थिए । जस मध्ये लालझाडी गाउपालिका मा २ वटा कृषक महिला समूह ( कोपिला र सृजना) लाई कृषि ज्ञान केन्द्र कञ्चनपुरबाट प्राप्त भएका च्याउँखेति तथा तकारी खेती सम्वन्धी अभिमुखीकरण कार्यकम २०८० कार्तिक १४ गते सम्पन्न गरीएको थियो । च्याँउ तथा तरकारी खेति गर्ने तरिका र अन्य आवश्यक प्राविधिक सहयोग लागि माग भई आए बमोजिम याक नेपालबाट यि समूहलाई दक्ष प्राविधिक मार्फत व्यावहारीक अभ्यास सहीत च्याउखेति गर्न सहजीकरण गरिएको थियो । उक्त कार्यकममा जम्मा १४ जना महिलाको सहभागिता रहेको थियो ।

## ङ) सरकारको बार्षिक नीति तथा कार्यक्रम र प्रक्रियाबारे सचेतीकरण गोष्ठी

सुदूरपश्चिम प्रदेशका बिभिन्न खाद्य अधिकारका दृष्ट्रिकोणले जोखीममा रहेका समुदायका प्रतिनिधिहरुको सेवा प्रदायक निकायसंग सम्बन्ध विस्तार गरी उक्त समुदायको सरकारका सेवा तथा स्रोतमाथी पहुँच अभिबृद्धि गर्ने उद्देश्यले जिल्ला तथा स्थानीय सरकारको आ.व. २०८०/०८१ को नीति तथा कार्यकम, सेवा प्राप्त गर्ने प्रकृया/विधि बारेमा जिल्ला तथा पालिका स्तरीय ३ वटा सचेतीकरण कार्यकम सञ्चालन गरिएको थियो । संचालन गरीएका अभिमुखिकरण कार्यक्रममा सुदूरपश्चिम प्रदेशका बिभिन्न कारणले खाद्य अधिकार हनन् भएका समुदाय, संघर्ष समिति, महिला समुह र खाद्य अधिकार सञ्जालका ६५ महिला सहित जम्मा १०१ जना प्रतिनिधिहरुको सहभागिता रहेको थियो । कैलाली तथा कञ्चनपुर जिल्लाका कृषि ज्ञान केन्द्र र भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्रका प्रतिनिधिहरुले बार्षिक कार्यकम, कार्यान्वयन प्रकिया, लक्षितबर्ग कार्यकम तथा पहुँच प्रकृयाका बिषयमा सहजीकरण गर्नुभएको थियो । यसैगरी स्थानियतहको बार्षिक नीति तथा कार्यकमहरु सम्बन्धित शाखा प्रमुख तथा प्रतिनिधिज्यूहरुले आ–आफ्नो शाखाको बार्षिक कार्यकम, लक्षित बर्ग कार्यकम तथा कार्यप्रकिया र प्राप्त गर्नका लागि अपनाउनु पर्ने प्रकृयाका बारेमा सहजीकरण गर्नुभएको थियो । यस कार्यक्रमबाट समुदाय र सेवा प्रदायक निकाय बीचको सम्बन्ध विस्तार भई समुदायले प्रदेश तथा स्थानीय सरकारबाट प्रदान गरीने सेवा तथा सुविधामा पहुँच पुग्ने अपेक्षा गरीएको थियो । यस आर्थिक बर्षमा संचालन गरिएका सचेतीकरण कार्यक्रम तपसिल बमोजिम रहेका छन् ।

| क्र. सं. | विवरण | मिति | सहभागि | | सहजकर्ता |
|---|---|---|---|---|---|
| | | | पु. | म. | |
| १ | कैलाली जिल्लाका खाद्य अधिकार हनन् भएको समुदाय, महिला समूह तथा पालिका स्तरीय खाद्य अधिकार सञ्जालका प्रतिनिधिहरु | २०८० भाद्र १९ | १२ | २५ | - जनकराज बोहरा –कृषि ज्ञान केन्द्र कैलाली<br>- बिजय दमाई – भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र ,कैलाली |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | कञ्चनपुर जिल्लाका खाद्य अधिकार हनन् भएको समुदाय, महिला समूह तथा स्थानिय स्तरीय खाद्य अधिकार सञ्जालका प्रतिनिधिहरु | २०८० भाद्र २९ | ७ | २४ | - महेन्द्रराज पाण्डेय – भेटेरेनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र ,कन्चनपुर<br>- हरिदत्त जोशी –कृषि ज्ञान केन्द्र कन्चनपुर |
| ३ | घोडाघोडी नगरपालिका भित्र रहेका खाद्य अधिकार हनन् भएको समुदाय, महिला समूह तथा खाद्य अधिकार सञ्जालका प्रतिनिधिहरु | २०८० अशोज १८ | १७ | १६ | छविलालविनाडी प्रमुख प्रशारकीय अधिकृत–समग्र नीति तथा कार्यकम,जनकसिह धामी–कृषि विकास शाखा, इन्दु जोशी – महिला विकास शाखा, कैलाश भट्ट –रोजगार सेवा केन्द्र, डा. समिक्षा अधिकारी– पशुस्वास्थ्य शाखा । |

## च) स्थानिय  योजना तर्जुमा प्रकियाका बारेमा अभिमुखीकरण कार्यकम

खाद्य अधिकार हनन् भएका समुह, महिला समूह तथा खाध अधिकार सञ्जालका प्रतिनिधिहरुका लागि स्थानीय  योजना तर्जुमा प्रकृया, समयतालिका तथा सेवा तथा श्रोतको प्राप्तीका लागि  पूरा गर्नुपर्ने विधि /प्रकृयाका बारेमा ६ वटा अभिमुखिकरण कार्यक्रम संचालन गरीएको थियो ।

अभिमुखिकरण पश्चात  ४ वटा  खाद्य अधिकारका दृष्टिकोणले जोखीममा रहेका समुदायले स्थानीय सरकारको आ.व. २०८०/०८१  को  योजना तर्जुमा प्रकृयामा आफ्ना माग पेश गरेका छन् । यस आर्थिक वर्षमा स्थानिय स्तरमा तपसिल बमोजिमका योजना तर्जुमा प्रकृयाका बारेमा अभिमुखीकरण कार्यकम सञ्चालन गरीएको थियो ।

| क्र. सं. | विवरण | मिति | सहभागि | | सहजकर्ता |
|---|---|---|---|---|---|
| | | | पु. | म. | |
| १ | बाढी तथा नदीकटानका कारण खाध अधिकार हनन् भएको समुदाय घोडाघोडी न.पा. ५ भगडी कैलाली | २०८० फागुन २३ | ११ | ६ | घोडाघोडी नगरपालिका वडा नं. ५ का वडा सचिव–हेमकान्त सुवेदी |
| २ | कालिका दलित महिला कृषक समूह घोडाघोडी न.पा. ४ सिमथरी कैलाली | २०८० फागुन २४ | २ | २४ | घोडाघोडी नगरपालिका वडा नं. ४ का वडा सचिव– माया कुमारी पन्त |
| ३ | जनजागृति कृषक महिला समूह गौरीगंगा न.पा. ५ अण्डैया कैलाली | २०८० फागुन २४ | ६ | १५ | गौरीगंगा नगरपालिका वडा नं. ५ का वडा सचिव– ललित बहादुर सिंह |
| ४ | सगरमाथा कृषक महिला समूह लाल्झाडी गा.पा. २ कसवा कन्चनपुर | २०८० फागुन २४ | ८ | १६ | लालझाडी गाउपालिका वडा नं. २ का वडा सचिव– झुसराम सार्की |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | जरही कृषक महिला समूह घोडाघोडी न.पा. ८ जरही कैलाली | २०८० फागुन २३ | २ | २५ | घोडाघोडी नगरपालिका वडा नं. ८ का वडाअध्यक्ष– वीर बहादुर साउद |
| ६ | इन्द्रेणी कृषक महिला समूह र शिवगंगा वाखापालन समूहका सदस्यहरु– ध.उ.मा. न.पा. १८ धूरजन्ना कैलाली | २०८० फागुन २३ | ३ | २८ | बिजय दमाई– भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र ,कैलाली |
| | **जम्मा १४६** | | **३२** | **११४** | |

### छ) स्थानिय जनप्रतिनिधिहरुसंग अन्तरक्रिया /छलफल कार्यक्रम

खाद्य अधिकार हनन् भएका समुदायको खाद्य अधिकार सुनिश्चितता लागि स्थानीय तहको उत्तरदायित्व प्रर्वद्धनका लागि जनप्रतिनिधिहरूलाई खाद्य अधिकार अवधारणा, खाद्य अधिकार तथा खाद्य सम्प्रभूता सम्बन्धी ऐन २०७५ र खाद्य अधिकार हनन् भएका समुदायको अवस्था र मागका बारेमा जानकारी गराई राज्यको सम्मान, संरक्षण र परिपूर्ति गर्ने दायित्व प्रति उत्प्रेरित गर्ने उद्देश्यले बझाङ्ग जिल्लाका २ वटा स्थानिय तहहरु छविसपाथीभेरा र दुर्गाथली गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीको सहभागितामा खाद्य अधिकार सम्वन्धी अन्तरक्रिया/छलफल कार्यक्रम संचालन गरीएका थिए ।

| क्र.सं | स्थानिय तह | मिति | सहभागि | | सहजकर्ता |
|---|---|---|---|---|---|
| | | | पु. | म. | |
| १ | छविसपाथीभेरा गा.पा. | २०८० कार्तिक १९ | १५ | ५ | याक नेपाल प्रतिनिधि |
| २ | दुर्गाथली गा.पा. | २०८० कार्तिक २० | २३ | २ | |
| | **जम्मा ४५** | | **३८** | **७** | |

## २.३ पैरवी तथा वकालत:

खाद्य अधिकार हनन् भएका समुदायका सवालहरुलाई सम्बोधन गराउन प्रयास गर्ने एउटा माध्यम सवालको पैरवी तथा वकालत हो । राज्यलाई आवश्यकता अनुसार ऐन, नीति निर्माण गराउने र सो को कार्यान्वयनका लागि राज्यको ध्यानाकर्षण गराउन विभिन्न संघ संस्था संगको सहकार्य तथा खाद्य अधिकार संजाल र संघर्ष समितीको अगुवाईमा यस आर्थिक वर्षमा निम्न अनुसार पैरवी तथा वकालतका कार्यक्रमहरु संचालन गरिएका थिए ।

- **डेलिगेसन (स्थानिय र प्रदेश)**

खाद्य अधिकार हनन भएका समुदायको सवाललाई सम्बोधन गराउनका लागि नेपाल सरकारले लागु गरेका ऐन, नियम र कानुनको अधिनमा रही समुदायको मागलाई सम्बन्धित निकाय सम्म पुर्‍याउने र सवालका विषयमा उत्तरदायी बनाउन डेलिगेसनको माध्यमबाट प्रभावित समुदायको अगुवाइमा याक नेपाल, खाद्य अधिकार संजाल, खाद्य अधिकारका क्षेत्रमा काम गर्ने संघसंस्था, संचारकर्मीहरुका प्रतिनिधिहरुले यस आर्थिक वर्षमा निम्नअनुसार विभिन्न तहमा सरोकारवाला निकायलाई भेटेर समस्याको समाधानका लागी मागपत्र द्वारा जानकारी गराएको छ ।

- कैलाली जिल्ला चुरे गाउँपालिका वडा नं. ४ बाजुरगडामा दलित २५ परिवार, जनजाति ७ परिवार र ब्राहमण र क्षेत्री ८ परिवार गरी जम्मा ४० परिवारहरु बि.स.२०४० सालदेखी बसोवास गरीरहेको छन् र यो समुदायमा विशेष गरी सिंचाई र स्वच्छ खाने पानी, बिधुतको ब्यवस्था विद्यालय तथा स्वास्थ्य उपचारको समस्या रहेको छ । यहाँ प्रति परिवार करिव ६ देखी १२ रोपनीको अनुपातमा भोगचलन गर्दै आएको जग्गा हाल सम्म पनि दर्ता नभएका कारण राज्यको सेवा सुविधाबाट बन्चित भईरहेको अवस्था छ । समुदायका व्यक्तिहरुको प्रमुख पेशा कृषि भएतापनि सिचाईको सुबिधा नभएका कारणले आफ्नो परिवारको लागी आवश्यक पर्ने खाद्यान्नको ब्यबस्था नहुदा तथा उत्पादनले बढीमा ३ महिना मात्र खान पुग्ने अवस्थाले गर्दा खाद्य अधिकारबाट बन्चित हुनपर्ने अवस्था छ साथै खाद्यान्न तथा अन्य आवश्यकता पुरा गर्नका लागि दैनिक ज्यालादारीमा श्रमिकको रुपमा कामको खोजीमा नेपालको विभिन्न स्थानमा र भारतका विभिन्न शहरमा जानु पर्ने बाध्यता रहेकोछ । साथै सो समुदायका बालबालिकाहरु विधालय जान भण्डार खोला र खुटिया नदि तरेर गोदावरी नगरपालिकाको हाटखोली जानु पर्ने वाध्यता छ भने भण्डार खोला र खुटिया नदिमा पुल नभएकोले बर्षातको समयमा बालबालिका विद्यालय जान वाट बन्चित रहन परेको अवस्था छ । यसै गरी विरामी पर्दा प्राथमिक उपचारकालागि पनि हाटखोली जानु पर्ने वाध्यता रहेको छ । अत: सिचाईका लागी भंडारखोला बाजुरगडा सिंचाई योजना पुन निर्माण गरीदिनु पर्ने, शुद्ध पिउने पानीको लागी नौमुले मुल, निउलाड र धुलेखर्क मुलबाट खानेपानी योजना निर्माण गरीदिनु पर्ने, वर्षातको समयमा स्वास्थ्य सुविधा र विद्यालय जानबाट वन्चीत रहनु पर्ने अवस्था भएकोले भण्डार खोला र खुटिया नदीमा अन्दाजि १२० मिटर झोलुङ्गे पुलको व्यवस्था यथासिघ्र गरीनु पर्ने लगाएत समुदायमा बाल शिक्षा र सामुदायिक स्वास्थ्य इकाई अविलम्ब स्थापना गरीनु पर्ने, समुदायमा सबै घरधुरीका लागी थ्री फेज लाइन बिस्तार गरीनुपर्ने माग राख्दै २०८१ जेठ २२ गते सुदूरपश्चिम प्रदेश सरकारका मुख्यमन्त्री माननीय दिर्घ सोडारी, भौतिक पुर्बाधार बिकाश मन्त्री माननीय कैलाश चौधरी र प्रदेश सभा सदस्यहरु क्रमशः तुलसी देवकोटा, इन्दिरा गिरी र जानकि कुँवर पौडेल लगाएत विद्युत कार्यालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय कैलालीलाई मागपत्र वुझाएका छन् । माग पत्र बुझ्दै माननीय मुख्यमन्त्रि तथा प्रदेश सभा सदस्यहरुले आफुले सो क्षेत्रको विकाशको लागी पहल गर्ने प्रतिबद्धता जाहेर गर्नुभएको थियो ।



*चुरे गाउँपालिका वडा नं. ४, बाजुरगडामा खानेपानी तथा सिचाई लयायतका योजनाहरुको लागि सुदूरपश्चिम प्रदेश सभाका माननीय सदस्यहरुलाई मागपत्र पेश गर्दै बाजुरगडा संघर्ष समितिका संयोजक हेम बहादुर विष्ट*

- बेदकोट नगरपालिका वडा नं. ३ लिपनामा हाल ३८ घरपरिवार वसोवास गरीरहेका छन । प्राकृतिक सुन्दरताले भरिपुर्ण लिप्ना धेरै कुराहरुको सम्भावना बोकेको क्षेत्र हो । जहाँ मौरीपालन, वाखापालन लगाएत जैविक खेती प्रणालीका लागि उपयुक्त हावापानी तथा वातावरण रहेको भएता पनि सिचाई, प्राविधिक ज्ञान सिप तथा आधुनिक कृषि औजारहरुको सुविधाको लागी समुदायले पटक पटक वडा, नगरपालिका लगायत विभिन्न सरोकारवाला निकायमा आफ्ना अति आवश्यक मागहरुका लागि अनुरोध गर्दा पनि समुदायका आवश्यकताहरु हाल सम्म कसैले सम्बोधन नगरेको अवस्था रहेको समुदायका व्यक्तिले बताएकाछन । त्यसैले उक्त स्थानमा वसोवास गर्ने र सो क्षेत्रमा जग्गा जमिन भएका सबै घरपरिवारको जिवनयापनलाई सहज बनाई दिनका लागि लामिचाड खोला देखि दोभानगोठ खोलासम्म गल्छि तथा खहरे नियन्त्रण योजनाको व्यवस्था गरिदिनु पर्ने, जिबिकोपार्जन सुधारका लागी फलफुल क्षेत्र बिकाश कार्यक्रम लागु गरीनुपर्ने, लिप्ना र लामिचाड समुदायमा सिचाई सुबिधाका लागी पोखरी निर्माण कार्यक्रम गरीनुपर्ने र हरीयाली प्रबर्धन, पहिरो तथा भु-क्षय नियन्त्रणका लागी बृक्षारोपण कार्यक्रम लागु गरीनुपर्ने लगाएतका मागहरुलाई सम्बोधन गर्नका लागी २०८०/१२/१६गते लिपना संघर्ष समितिले राष्ट्रपति चुरे तराई मधेश संरक्षण समिति, कार्यान्वयन इकाई लम्की, कैलालीलाई डेलिगेसन तथा मागपत्र पेश गरेको छ । उक्त मागपत्र बुझ्दै इकाई प्रमुखले सो क्षेत्रलाई पर्यटकीय स्थलको रुपमा विकाश गर्ने गरी जनताका दैनिक जनजिविका संग जोडिएका सवाललाई संवोधन गर्ने तथा समुदायको आर्थिक उपार्जनका लागी र खहरेखोला तथा गल्छि नियन्त्रणका लागी स्थानिय तहसंग समन्वय गरी सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।



- घोडाघोडी नगरपालिकाको वडा नं. ८ जरहीमा ठूलो र मिश्रित बस्ति रहेको छ । त्यसमा पनि आर्थिक सामाजिक रुपले अति जोखिम तथा सिमान्तकृत समुदाय मिलन टोल छ । यो टोलमा २५ परीवार दलित ५ परीवार जनजाती र १ परिवार क्षेत्रि गरी जम्मा ३१ घरपरिवारको वसोवास छ । जसमध्ये दलित घरपरिवारहरुको आफ्नो परम्परागत पेशा लोप भएपछि जिविकोपार्जनको लागि अन्य पेशा खेतिपाति तथा कृषिमा निर्भर हुनु परेको अवस्था छ । उनीहरुसंग १० धुर देखी ४ कठ्ठा सम्म मात्र आफूले भोगचलन गरेको ऐलानी जग्गाको उत्पादनले मुश्किलले ३ महिना खान पुग्ने गर्दछ । आर्थिक सामाजिक रुपले पछाडी परेका मिलनटोल वासी खानेपानी तथा सिचाइको, शिक्षा, स्वास्थ्य, रोजगार आवास लगायत विविध समस्याले ग्रसित रहेका छन । उत्पादनशिल श्रोत मल, बीउ विजन, प्रविधि र आवश्यक सामग्री माथि पहुँच नभएका कारण जिविकोपार्जनमा निकै समस्या रहेकोले साथै खाद्य अधिकारको दृष्टिकोणले जोखिममा रहेका समुदाय नजिक बौराहा खोलामा तटबन्धको व्यवस्था गरिदिन हुन राष्ट्रपति चुरे तराई मधेश संरक्षण समिति, कार्यान्वयन इकाई लम्की, कैलालीलाई मागपत्र पेश

गरेका छन। उक्त मागहरुलाइ सम्बोधन गर्दै इकाई प्रमुखले सो क्षेत्रमा खहरे खोला नियन्त्रण तथा तटबन्धका लागी आवश्यक पहल गर्ने जानकारी गराउनु भएको थियो ।

- कैलाली जिल्लाको घोडाघोडी नगरपालिका वडा नं ५ भगड्डी २०४४ सालमा बन सुद्धिकरण कार्यक्रम मार्फत सुकुम्वासीको रुपमा वसोवास भएको वस्ति हो । हाल २९५ घरपरिवार यस भगड्डी टोलमा बसोवास गरीरहेका छन र समुदायले उपभोग गर्दै आएको खेतियोग्य जग्गा करिव ३०० विगाह मात्र रहेको अनुमान छ । त्यसमा पनि २५ घरपरिवारको भोगचलन गर्दै आएको जग्गा वर्षेनी कान्द्रा नदिमा आउने बाढीको कटानका कारण पूर्ण रुपमा क्षेति भई घरवासमा मात्र सिमित रहेका छन् । हाल स्थानिय स्तरमा अधिया बटैयामा खेत पनि नपाईने र स्थानिय स्तरमा ज्याला मजदुरीको काम पनि पर्याप्त नपाईने भएकाले रोजगारीको समेत समस्या रहेको छ । स्थानिय स्तरमा काम नपाईने भएपछि जिविकोपार्जनको लागि बैकल्पिक उपायको रुपमा आन्तरीक तथा बाह्य रुपमा कामका लागि विस्थापन हुनु पर्ने बाध्यता रहेको छ । जसका कारण प्रत्येक घरपरिवारबाट १ देखी ३ जनाको अनुपातमा कामका लागि भारत पलायन भएको अवस्था छ र उक्त भारतको कमाईले मात्र जिविका चलाउन पर्ने बाध्यता रहेकोछ । समुदायले भोग चलन गर्दै आएको जग्गा आफ्नो नाममा दर्ता नभएका कारण पनि जिविकोपार्जनका बैकल्पिक उपायका लागि साना व्यवसाय गर्न आवश्यक कर्जा तथा ॠण बैकहरुबाट नपाउने भएका कारण झन समस्या रहेको छ । समुदायले तटबन्ध निर्माण गरिदिनका लागि सरकारी निकायहरुमा नगरपालिका, प्रदेश सरकार तथा स्थानिय सभासदहरु समक्ष विभिन्न समयमा पटक पटक पहल गरे पनि उक्त कान्द्रा नदीमा तटबन्ध निर्माण कार्य पुरा गर्न नसकेका कारण दिन प्रतिदिन आर्थिक अवस्था झन कमजोर हुदै गईरहेको छ । यस अवस्थामा याक नेपालले समुदायको आर्थिक सामाजिक अवस्थाको वारेमा सूचना संकलन गरी सवाल दस्तावेजीकरण गरी उनिहरुको खाद्य अधिकारको हनन्का अवस्थामा समुदायलाई सूसुचित गरी समुदायको माग तथा प्राथमिकताको क्षेत्रहरुलाई सम्बोधन गर्न योजना बनाई सहजीकरण गर्दै आईरहेको छ । सहजिकरणको क्रममा राज्यको सेवा प्रदायक निकायहरुको पहिचानको क्रममा राष्ट्रपति चुरे तराई मधेश संरक्षण समितिको पनि एक रहेको र तटबन्ध यस कार्यालयको क्षेत्राधिकार समेत भएकाले सो कार्यालयमा आफ्ना तपसिल बमोजिमका मागहरु समावेश गरी सम्बोधनका लागि कार्यान्वयन इकाई लम्की, कैलालीलाई डेलिगेसन सहित माग पत्र पेश गरीएको छ ।



*घोडाघोडी नगरपालिका वडा नं. ५ भगड्डीमा कान्द्रा नदीमा तटबन्ध निर्माणका लागि चुरे तराई मधेश संरक्षण समिति, कार्यान्वयन इकाई लम्कीका इकाई प्रमुखलाई मागपत्र पेश गर्दै भगड्डी संघर्ष समितिका संयोजक*

- जग्गा कटान, पटान तथा डुवानबाट जोगाउनका लागि कान्द्रा नदीमा तटबन्धको व्यवस्था गरिनुपर्ने ।
- नदि कटान नियन्त्रण सहयोग कार्यका लागि बगर क्षेत्रमा बृक्षारोपण कार्यक्रम सचालन गरीनुपर्ने ।
- उत्पादन र उत्पादकत्वलाई ध्यानमा राखी बगर खेतिको व्यवस्था गरिनुपर्ने ।

उक्त मागहरुलाइ सम्बोधन गर्दै इकाई प्रमुखले सो क्षेत्रमा समुदायका वास्तविक आवश्यकताहरु बुझ्नका लागी फिल्ड भ्रमण गरेर त्यसपछि मात्र बगरखेति तथा तटबन्ध जस्ता योजनाहरुका लागी राष्ट्रपति चुरे तराई मधेश संरक्षण समिति कार्यान्वयन इकाईको बजेट सिमा तथा मापदण्ड भित्र रहि प्राथमिकताका अधारमा आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

- **पैरवी बैठक**

खाद्य अधिकार परियोजना अन्तरगत यस आर्थिक वर्षमा विभिन्न कारणले खाद्य अधिकार हनन भएका समुदायको खाद्य अधिकार सम्बोधन गराउन पहल स्वरुप खाद्य अधिकार संजालहरु संगको समन्वयमा तपसिल बमोजिमका चार वटा कार्यक्रमहरु संचालन गरेको थियो । उक्त पैरवी बैठकमा सम्वन्धीत सरकारी सेवा प्रदायक निकायहरुसंग सम्वन्धीत समुदायको मागहरु सम्बोधन गर्ने सम्बन्धमा छलफल भई सेवा प्रदायक निकायका प्रतिनिधिहरुले समुदायका मागहरु सम्बोधनका लागि तत्काल पहल गर्ने प्रतिवद्धता गर्नु भएको थियो ।

## ➢ करारखेति प्रवर्धन सम्बन्धि सरोकारवालाहरुसंग पैरवी बैठक



*लालझाडी गाउँपालिकामा आयोजित करारखेती प्रवर्द्धन सम्बन्धि छलफल कार्यक्रम*

- याक नेपालले सुदूरपश्चिम प्रदेशका खाद्य अधिकार हनन भएका समुदायहरुको खाद्य अधिकार तथा खाद्य सुरक्षाको सुनिश्चितताको लागी सम्बन्धित सरोकारबालाहरु संग समन्वय, अन्तक्रिया गोष्ठि तथा पैरवी बैठकहरु गर्दै आइरहेको छ । खाद्य अधिकार तथा खाध सम्प्रभूता ऐन २०७५ को परिच्छेद २ को दफा १५ को ज मा भएको ब्यवस्था अनुसार कृषि योग्य भुमिको दिगो उपयोग अन्तर्गत सहकारी खेति, कबुलियति खेति, करार खेति वा सामुहिक खेतिलाई प्रवर्द्धन गरी बाझो रहेको उत्पादनशिल भुमिको अधिकतम उपयोगको गर्ने व्यबस्था रहेको छ । सोहि अनुरुप साना तथा भुमिहिन किसान, मुक्त कमैया र मुक्त हलियालाई उत्पादन संग जोडन र ति समुदायको खाद्य तथा पोषण प्रवर्द्धन गर्न करार खेती सम्वन्धी नीति तथा कार्यक्रम बनाई लागु गरीनु पर्ने उद्देश्य सहित मिति २०८० कार्तिक १ गते याक नेपालको आयोजनामा कन्चनपुरको लालझाडी गाउपालिकामा सरोकारवालाहरु संग अन्तक्रिया बैठक तथा छलफल गरीएको थियो । उक्त बैठकमा लालझाडी गाउपालिकाका अध्यक्ष,उपाध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत सहित सम्बन्धित कृषि शाखाका प्रतिनिधि, कृषि ज्ञान केन्द्र कन्चनपुरका प्रतिनिधि तथा लिवर्ड र याक नेपालका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । बैठकमा बिशेषगरी खाद्य अधिकार ऐन २०७५ मा लक्षित बर्गका लागी भएका प्राबधान अन्तर्गत भुमिको अधिकतम उपयोगको व्यबस्था अनुसार लालझाडी गाँउपालिका भित्र रहेका साना तथा भुमिहिन किसान, मुक्त कमैया र मुक्त हलियालाइ करार खेति संग जोडेर उत्पादनशिल श्रोत संग पहुच बढाउनका लागी सबै सरोकारवालाहरुले साझा बुझाइका साथ सहयोग गर्नुपर्ने प्रतिबद्धता गरीयो साथै करारखेतिका

लागी लक्षित बर्गको पहिचान गरी कार्यबिधि बनाई निजि तथा सार्बजनिक संस्थाहरुको जग्गा भाडामा लिन सकिने गरी कार्यक्रम चाडै शुरु गर्नेमा साझा सहमति गरीएको थियो ।

- मिति २०८१ बैशाख २१ गते कैलाली जिल्लाको गौरीगंगा नगरपालिकामा याक नेपाल र पालिका सगको समन्वयमा सयुक्त बैठकको आयोजना गरीएको थियो । उक्त वैठकमा गौरीगंगा नगरपालिकाले नगर क्षेत्रभित्र बसोबास गरीरहेका मुक्त हलिया र कमैया, भूमिहीन दलित आदीको खेती गरीखाने आफ्नो जग्गा नभएको र आर्थिक रुपमा एकदमै विपन्न समुदायको जिविकोपार्जनको सुनिश्चितताका लागी नगरपालिकाले करारखेतीको व्यवस्था गरी लागू गर्ने उद्देश्यले २०८० को नगरपरिषदको बैठकबाट करारखेती सञ्चालन सम्बन्धि कार्यविधि पारित गरीए पछि सो कार्यान्वयनका लागी आवश्यक मापदण्ड, जग्गा, करारका प्राबधान तथा लक्षित वडाहरुका साथै सम्बन्धित लाभान्वित कृषकका बारेमा छलफल गरी छिटै प्रक्रियालाई अगाडी बढाउने बिषयमा बृहत छलफल गरीएको थियो ।



*करार खेती प्रवर्द्धन सम्बन्धि मस्यौदा कार्यविधि २०८० प्रस्तुत गर्दै खाद्य अधिकार सवलीकरण परियोजना संयोजक देवी प्रसाद खनाल*

- सुदुरपश्चिम प्रदेशमा रहेका साना तथा भुमिहिन किसान, मुक्त कमैया र मुक्त हलियालाई उत्पादन संग जोडन र ति समुदायको खाद्य तथा पोषणको प्रवर्द्धन गर्न करार खेती सम्वन्धी नीति तथा कार्यक्रम बनाई लागु गरीनु पर्ने बारेमा छलफल गर्न मिति २०८० पौष १७ गते भुमि व्यवस्था, कृषि तथा सहकारी मंत्रालयमा माननिय मन्त्रीको प्रमुख आतिथ्यतामा तथा राज्यमन्त्री, प्रदेश सचिव र प्रदेश स्थित अन्य सरोकारवालहरु बिच संबाद कार्यक्रमको आयोजना गरीएको थियो । उक्त संबाद कार्यक्रममा करार खेती प्रवर्द्धन सम्वन्धी याक नेपालले तयार पारेको मस्यौदा कार्यविधि २०८० माथि दफावर छलफल गरिएको थियो ।
  प्रस्तुत मस्यौदामाथिको छलफल पश्चात सरोकारवालाहरुले आ-आफनो धारणा राखेका थिए । छलफल क्रममा आएका धारणा तथा सुझावहरुलाई संकलन गरी कार्यविधिलाई अन्तिमरुप दिनको लागी याक नेपालको प्रतिनिधि समेत रहने गरी मन्त्रालयका नापी अधिकृत पाच सदस्यीय कार्यदल निर्माण गरीएको थियो सो कार्यदलले कार्यविधिलाई अन्तीम रुप दिई मन्त्रालयमा पेश गर्ने निर्णय गरीएको थियो र सो मस्यौदा तयार भई मन्त्रालयमा पेश गरीसकेको छ ।
- कैलाली जिल्लाको कैलारी गा.पा.मा खाद्य सुरक्षाको सुनिश्चतताका लागी तथा खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐन २०७५ को स्थानियकरणका लागि ऐनको दफा २२ अनुसार खाद्य तथा पोषण सुरक्षा कार्यक्रम संचालन गर्न खाद्य तथा पोषण सुरक्षा योजना बनाउन र स्थानिय तहमा खाद्य अधिकार,खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको अधिकारको संरक्षण एवं सम्बर्द्धन गर्न तथा स्थानिय स्तरमा खाद्य आपुर्ति तथा वितरण प्रणालिलाई सहज बनाउन नगरपालिकाको प्रमुख वा गाउँ पालिकाको अध्यक्षको अध्यक्षतामा स्थानिय तहमा खाद्य समन्वय समिति गठन हुने सोहि ऐनको दफा ३६ भएको व्यवस्थाको कार्यान्वयनका लागि मिति मिति २०८० माघ ८ गते

कैलारी गाउँपालिकामा छलफल तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गरीएको छ । कार्यक्रममा सबै सहभागीहरुले स्थानिय स्तरमा खाद्य समन्वय समिति र खाद्य तथा पोषण सुरक्षा योजना आवश्यक महसुस भएको बताउनुभएको थियो र गाउँ पालिका अध्यक्ष राजसमझ चौधरीले सम्बोधन गर्दै यथाशक्य कार्यान्वयनका लागी कार्यापालिका तथा अन्य सरोकारवाला निकायहरुसंग छलफल गरी अगाडी बढ्ने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो । सोहि कार्यक्रमम पालिका स्तरीय खाद्य अधिकार संजालले स्थानिय खाद्य समन्वय समिति गठन गरी कार्यान्वयन गर्नु पर्ने, किसानको तथ्यांक संकलन गरी किसान वर्गिकरण गरी परिचय पत्र वितरण गरीनुपर्ने, मुक्त हलिया, भूमीहीन दलित र अव्यबस्थित बसोबासीहरुका लागी भूमि आयोगले गरीरहेको कार्यलाई सम्पन्न गरी लालपुर्जा वितरण गरीनु पर्ने तथा कैलारी गाँउपालिकाको पोषण अवस्था सुधारका खाद्य तथा पोषण सुरक्षा योजना बनाई लागु गर्नु पर्ने आदि मागहरु सहितको ज्ञापन पत्र गाउँपालिका अध्यक्षलाई बुझाएको थियो ।



*अन्तरक्रिया कार्यक्रममा मन्तव्य राख्दै कैलारी गा.पा.का अध्यक्ष राजसमझ चौधरी*

## २.४ समन्वय सहकार्य तथा अभियानः

संस्थाले आ.व. २०८०/०८१ मा आन्तरीक मामिला तथा कानून मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, कृषि ज्ञान केन्द्र, धनगढी उप-महानगरपालिका, बेदकोट नगरपालिका, गौरीगंगा नगरपालिका, प्रदेश युवा परिषद, खाद्य अधिकार सञ्जाल लगाएत सामाजिक संघसंस्था तथा नागरिक समाज तथा अन्य सरोकारवाला निकायहरु संग कानूनद्वारा प्रदान गरिएका मानव अधिकारहरुको प्रवर्द्धन र संरक्षणका र सामूहिक ऐक्यबद्धता मार्फत जनचेतना अभिवृद्धि गर्ने उद्देश्यका साथ तपसिल बमोजिमका विभिन्न कार्यक्रमहरु आयोजना गर्न सहकार्य गरिएको थियो ।

| क्र.सं. | क्रियाकलाप | मिति | स्थान | आयोजक/सहकार्य |
|---|---|---|---|---|
| १ | ४३ औं विश्व खाद्य दिवस | २०८० असोज २५ | धनगढी,कैलाली | कृषि ज्ञान केन्द्र कैलाली |
| २ | सुदूरपश्चिम प्रदेश स्तरिय नारी सम्बाद मन्च २०८० | २०८० असोज २५-२६ | धनगढी,कैलाली | ओरेक कैलाली |
| ३ | ४३ औं विश्व खाद्य दिवस | २०८० असोज २९ | बेदकोट न.पा. सुन्दरपुर,कन्चनपुर | कृषि ज्ञान केन्द्र कन्चनपुर, |
| ४ | लैगिङ्ग हिंसा विरुद्धको १६दिने अभियान | २०८० मंसीर ९ देखि २४ | धनगढी,कैलाली | धनगढी उप-महानगरपालिका |
| ५ | ७५ औं अन्तराष्ट्रिय मानव अधिकार दिवस | २०८० मंसीर २४ | धनगढी,कैलाली | आन्तरीक मामिला तथा कानून मन्त्रालय सुदूरपश्चिम र मानव अधिकार आयोग |

| | | | | |
|---|---|---|---|---|
| ६ | खाद्य अधिकार सम्बन्धि प्रदेश स्तरीय नीतिगत सम्वाद | २०८० पुष ०८ | धनगढी, कैलाली | राष्ट्रिय कृषक समुह महासंघ |
| ७ | कराररखेती सम्वन्धी नीतिगत अन्तरक्रिया कार्यक्रम | २०८० पुष १७ | धनगढी, कैलाली | राष्ट्रिय कृषक समुह महासंघ , लिवर्ड |
| ८ | ११४ औं अन्तराष्ट्रिय महिला दिवस | २०८० फागुन २४ | बेदकोट न.पा. कन्चनपुर | बेदकोट नगरपालिका कन्चनपुर |
| ९ | ११४ औं अन्तराष्ट्रिय महिला दिवस | २०८० फागुन २५ | गौरीगंगा न.पा. कैलाली | जिल्ला हलिया मुक्ति समाज |
| १० | ५९औं अन्तराष्ट्रिय जातिय भेदभाव उन्मुलन दिवस | २०८० चैत्र ०८ | गौरीगंगा न.पा. कैलाली | गौरीगंगा नगरपालिका |
| ११ | ५९औं अन्तराष्ट्रिय जातिय भेदभाव उन्मुलन दिवस | २०८० चैत्र ०८ | धनगढी,कैलाली | दलित गैसस महासंघ |
| १२ | अन्धविश्वास सम्बन्धि पत्रकारहरु संग समालोचनात्मक वहस | २०८१ असार ८ गते | धनगढी,कैलाली | प्रदेश युवा परिषद, प्रेस क्लब नेपाल |

## २.५ सवाल बहिर्गमन:

याक नेपालले संचालन गरीरहेको खाद्य अधिकार सवलिकरण परियोजना अन्तरगत विभिन्न कारणले खाद्य अधिकार/सुरक्षाको दृष्ट्रिकोणले जोखिममा रहेका समुदायको खाद्य अधिकार/सुरक्षा सुनिश्चितता र समुदायको क्षमता अभिवृद्धिका साथै सम्वन्धीत सरोकारवाला निकाय संग समन्वय र सहकार्य गर्दै आईरहेको छ । याक नेपालले जोखिममा रहेका समुदायको क्षमता अभिवृद्धि गरी सवालका वारेमा वकालत र पैरवी गर्न सक्ने  क्षमता अभिवृद्धि गर्ने र सरोकारवाला निकायलाई सवाल अंगीकार/आत्मसाथ गर्न महसुसीकरण गराउन विभिन्नि क्रियाकलापहरु संचालन गर्दै आईरहेको छ ।

खाद्य अधिकार/सुरक्षा हनन् भएका समुदायले स्वःस्फूर्त रुपमा आफै नेतृत्व गरी सवाल सम्बोधन गराउनका लागि पैरवी र पहल गर्न सक्ने क्षमता विकास भएमा  उक्त सवालहरुलाई सरकारले आत्मसाथ गरी सम्बोधनका लागि सहयोग तथा सहजीकरण गर्ने अवस्था भएमा, समुदायले आफ्नो सवाल प्रति चासो नदिएमा वा अन्य द्वन्द्व उत्पन्न हुन सक्ने अवस्था भएमा सवाल वर्हिगमन गर्ने  अभ्यास अनुरुप आ.व. २०८० /२०८१ को अवधिमा देहाय बमोजिमका सवालहरुलाई  स्थानिय सारोकारवाला निकाय वडा तथा पालिका, सहयोगी संस्था तथा संजाल र समुदायको समितिलाई नै उत्तरदायि बनाउने उद्देश्यले जिम्मेवारी हस्तान्तरण कार्यक्रमको आयोजना गरी  सवाल बाट बर्हिगमन गरीएको छ ।

| क सं. | मिति | सवालको नाम | ठेगाना |
|---|---|---|---|
| १. | ११ श्रावण २०८० | राज्यको उत्पादनशिल श्रोत साधन माथिको पहुँचबाट वन्चित भएको समुदायको खाद्य अधिकार हननको सवाल | गौरीगंगा न.पा. वडा नं. १० शान्तिटोल |
| २ | २० पौष २०८० | राज्यको उत्पादनशिल श्रोत माथिको पहुँचबाट विमुख भई खाद्य अधिकार हनन्को सवाल | पुर्नवास न.पा. वडा नं.८ मोतियाफाँटा |
| ३ | १४ श्रावण २०८० | सरकारी सेवा तथा सुविधाबाट विमुख भएका कारण खाद्य अधिकार हनन्को सवाल | शुक्लाफाँटा न.पा. वडा नं ८ मणिकाधाम |

| | | | |
|---|---|---|---|
| ४ | २२ भाद्र २०८० | भोगचलनको जग्गा आफ्नो नाममा दर्ता नभएका कारण खाद्य अधिकार हननको सवाल | बेदकोट न.पा. वडा नं ५ पोलखरी |
| ५ | ११ असार २०८१ | खानेपानी तथा सिंचाई सुविधाबाट बन्चित भई खाद्य अधिकार हननको सवाल | मेलौली गा.पा. वडा नं १ स्यालतडी मुद्रे |

## २.६ अनुगमन तथा मुल्यांकनः

विभिन्न कारणले खाद्य अधिकार हनन भएका समुदायको सरकारी श्रोत तथा सुविधामा पहुच अभिवृद्धि गर्नका लागि परियोजनाले सहयोग गरीरहेका समुदायहरुको मागहरुका बारेमा हालसम्म भएका उपलब्धी अध्यावधिक गर्ने, सम्बोधन प्रक्रियामा देखा परेका चुनौती तथा समस्याहरु पहिचान गर्ने र सवाल सम्बोधनका लागि आगामी कार्ययोजना तयार गर्ने उद्देश्यले जिल्ला तथा पालिका स्तरीय खाद्य अधिकार संजाल, संघर्ष समिति र याक नेपालले खाद्य अधिकार हनन् भएका सवालहरुमा सयुक्त रुपमा समय समयमा अनुगमन कार्यक्रम संचालन गरेको छ । यसै गरी Bread for the World जर्मनीका Food Security and Right to Food advisor Martin Ramppis ले याक नेपालले संचालन गरीरहेको परियोजनाको औचित्यता र संचालन गरीरहेका कार्यका साथै प्रभावकारीताका वारेमा अनुगमन तथा मुल्यांकनका लागि याक नेपालले सहयोग गरीरहेका समुदाय, महिला समुह, खाद्य अधिकार संजाल र कार्यक्रम संचालन भएका सम्वन्धित स्थानिय तह र मन्त्रालय संग भेट गरेका छन ।

## २.७ मानव श्रोत विकासः

यस परियोजना अन्तगर्त कार्यरत कर्मचारीहरु तथा संस्थाको कार्यसमिति सदस्यहरु, खाद्य अधिकार संजाल, संघर्ष समिति र महिला समुहका प्रतिनिधिहरुको प्राविधिक, कार्यक्रमिक र व्यवस्थापकिय पक्षका साथ साथै विभिन्न विषयहरुमा क्षमता बढाउने उद्देश्यले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका संघसंस्थाले आयोजना गरेका विभिन्न अन्तरक्रिया, वैठक, छलफल कार्यक्रम, प्रशिक्षण, तालिम, गोष्ठी, अभिमुखिकरण आदि जस्ता कार्यक्रमहरुमा सहभागीता रहदै आएको छ । यस आर्थिक वर्षमा संघर्ष समिति, खाद्य अधिकार संजाल, याक नेपालका कर्मचारी र संस्थाका कार्यसमिति सदस्यहरु विभिन्न सरकारी कार्यालय तथा गैरसरकारी संस्थाहरुले आयोजना गरेका ४८ वटा कार्यक्रममा सहभागीता रहेको थियो । जसमध्ये केहि महत्वपुर्ण कार्यक्रमहरु तपसिल बमोजिमका रहेका छन ।

| क्रस | कार्यक्रम | मिति | स्थान | आयोजक | सहभागी |
|---|---|---|---|---|---|
| १ | LAPA preparation Training [YAE) with the support of ADPC and in coordination with the Ministry of Industry, Tourism, Forest and Environment (MoITFE)] | २०८० साउन १५-१९ | धनगढी | Youth Alliance for Environment | विनोद ब. सिह, दिपकराज ओझा |
| २ | Provincial Consultation on National Visioning on SDG Acceleration Workshop | २०८० भाद्र १५ | धनगढी | UNDP and Province Policy and Planning Commission, Sudurpaschim Province | दिपकराज ओझा |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | Status of Implementation and Localization of Sustainable Development Goals 5, 10 and 16: A Reviewing Interaction from the Perspective of Dalit Women | २०८० भाद्र २० | धनगढी | FEDO | तुलसी शर्मा |
| ४ | Sharing of evidence base efforts for mainstreaming migrant and development | २०८० भाद्र २२ | धनगढी | Labor and employment ministry of Nepal/ Int. organization of migrant (IOM) | सरजु चौधरी<br>हृदय पुजारा |
| ५ | Workshop on Provincial platform for disaster risk deduction | २०८० भाद्र २२ | धनगढी | Province ministry of internal affaires and law | दिपकराज ओझा |
| ६ | Palika level dialogue on Agriculture production system, problem on marketing and develop local marketing system and strengthening | २०८० भाद्र २३ | धनगढी | GRAPE/ Dhangadhi Sub-metropolitan city | हृदय पुजारा |
| ७ | 2nd OIO workshop | २०८० भाद्र २५-२७ | काठमाण्डौ | Organization Development Center (ODC) | पवित्रा भट्ट |
| ८ | Discussion and interactive national workshop between Federal, Province and local levels regarding disaster preparedness and response, Super project experience and future path. | २०८० पुस २ | धनगढी | Internal Affairs and Law ministry of Sudurpaschim Province | दिपकराज ओझा |
| ९ | Country Gender Assessment of the Agriculture and the Rural Sector, provincial consultancy workshop | २०८० माघ ५ | धनगढी | NFN Sudurpaschim | सरजु प्र. चौधरी |
| १० | 16th assembly of the world social forum (WSF) with the main slogan "another world is possible | ३-७ फागनु २०८० | काठमाण्डौ | WSF organizing committee | माया चौधरी, सुमन सिलाधार, लक्ष्मी लुहार, ज्योति राना, गया प्रसाद कठरीया, भोज ब. सार्कि, शान्ति डगौरा, रामचन्द पन्त |
| ११ | 16th assembly of the world social forum (WSF) with the main slogan "another world is possible | ३-७ फागनु २०८० | काठमाण्डौ | WSF organizing committee | बल बहादुर रोकाया, डबल बम, देबि खनाल, दिपकराज ओझा, पवित्रा भट्ट, विनोद ब.सिह, सरजुप्रसाद चौधरी, काजिराम चौधरी, |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | Discussion program on continental issues of HR violation & Methodology of address | २०८० फागुन ९ | धनगढी | NHRC Sudurpaschim | सरजु प्र. चौधरी |
| १३ | Capacity building program on human right monitoring system of NHRC | २०८० चैत्र २९ | धनगढी | INSEC | पवित्रा भट्ट |
| १४ | National level interaction on RtF network | २०८१ बैशाख १४-१५ | नेपालगंज | RtF network/YAC Nepal | विनोद ब.सिह<br>नरी बडु, रामचन्द्र पन्त, रुद्रदत्त विष्ट, उषा चौधरी, इन्दु केसी |
| १५ | OIO general workshop | २०८१ जेठ ७-९ | काठमाण्डौ | Organization Development Center (ODC) | विनोद ब. सिह |
| १६ | Capacity building program to alliance of women human right defenders on human right monitoring system of NHRC | २०८१ जेठ १६ | धनगढी | INSEC | पवित्रा भट्ट |
| १७ | Participation on the South Asia Regional IDA Forum | २०८१ असार ३ | काठमाण्डौ | World Bank | दिपकराज ओझा |

- **१६ औं विश्व सामाजिक मञ्चको कार्यक्रममा सहभागिता**




अर्को विश्व सम्भव छ (Another world is possible) भन्ने मुल नाराका साथ वर्तमान विश्व व्यवस्थाको विकल्पबारे बहस र पैरवी गर्ने 'विश्व सामाजिक मञ्च (World Social Forum 2024 Nepal) को १६औं संस्करण २०८० फागुन ३ देखि ७ गते सम्म समानता, सामाजिक न्याय, मानव अधिकार, दिगो विकास, वातावरणीय न्याय, शान्ति र मानवतावादका लागि बहस, पहल तथा हस्तक्षेप गर्ने संगठित प्रयासका बिभिन्न कार्यक्रमहरुका बिच काठमाडौंमा सम्पन्न भएको छ । सो कार्यक्रममा झन्डै ९४ देशका करीव ५० हजार सामाजिक अभियन्ताहरुले भाग लिएका थिए। विश्वमा रहेका सबैजसो देश र समाजमा समानता, स्वतन्त्रता र अधिकार प्राप्तिका आन्दोलन र अभियानहरू निरन्तर चलिरहेका छन् । राष्ट्रियता, लैङ्गिकता, भाषिकता, धार्मिकता, जातीयता, क्षेत्रीयता, वर्गीयता जस्ता अन्य धेरै आधारमा मानिसहरूबीच समाजमा असमानता रहेका छन् । यसले हरेक मानिसका भिन्न-भिन्न र सामूहिक पहिचानहरू निर्माण भएका छन् । विश्वमा यसैको आधारमा मानिसहरूको तहगत विभाजन हुँदा केही सीमित मानिसले असीमित अधिकार उपयोग गर्ने सामाजिक संरचना निर्माण भएका छन् यस्ता संरचना र योसँग जोडिएका असमान मूल्य-मान्यताले समाजमा लामो समयदेखि प्रतिरोध

पनि सँगै भोगिरहेको देखिन्छ । नेपालमा पनि किसान, श्रमिक, महिला, जनजाति, अपाङ्गता भएका व्यक्ति, दलित, सीमान्तकृत र उत्पीडित समूहहरू अधिकारका लागि निरन्तर संघर्ष गरिरहेका छन् । यस्ता आन्दोलन र अभियानहरूको परिणाम आजको आधुनिक नेपाल हो । यो समाज इतिहासको कुनै समयमा भएको नेपाली समाजभन्दा प्रगतिशील छ । यिनै समष्ठिगत बिषयबस्तुहरुलाई



समेटेरे काठमाडौंको भृकुटीमण्डपमा २०८० फागुन ३ देखि ७ गतेसम्म विश्व सामाजिक मञ्च २०२४ को आयोजना गरेको थियो । ब्राजिलबाट सन् २००१ मा सुरु भएर भारत, सेनेगल, ट्युनिसिया जस्ता देश हुँदै यसको १६औं संस्करणको आयोजना नेपालमा भएको हो । यो असमान सामाजिक संरचनाका कारण निर्माण भएका उत्पीडित वर्ग-समुदाय, महिला, दलित, आदिवासी, अपाङ्गता भएका व्यक्ति, किसान, मजदुर, गरीब समूहको पक्षमा बहस र छलफल गर्ने आन्दोलन हो ।

यस विश्व सामाजिक मञ्चको याक नेपालले संचालन गरीरहेको खाद्य अधिकार सवलिकिरण परियोजना अन्तरगत याक नेपालको तर्फबाट कार्यसमिति, परियोजना कर्मचारी, खाद्य अधिकार संजाका प्रतिनिधि, संघर्ष समितिका प्रतिनिधिहरु सहित १६जनाको सहभागीता रहेको थियो ।

याक नेपालले विगतदेखि नै जातिय विभेद, लैगिक समानता, सामाजिक न्याय, खाद्य अधिकार , मानव अधिकार, दिगो विकास, वातावरणीय न्याय, गरिबी निवारण ,शान्ति स्थापना, साना किसान तथा भुमिहिनका सवालहरु र मानवतावादका लागि विभिन्न फोरमहरुमा पैरवि तथा वकालत र बहसहरु गर्दै आईरहेको छ यसै अनुरुप फागुन ३ देखि ७ गतेसम्म ओजना भएको १६ औ विश्व सामाजिक मञ्चमा आफनो ऐक्यबद्धता जनाउदै फागुन ६ गते बाल्मिकि क्याम्पसको हलमा भुमिहिन परीवारका लागी खाद्य अधिकार सवलिकरण भन्ने ि बषयमा याक नेपाल अछाम संगको सहकार्यमा बहस कार्यक्रम संचालन गरेको थियो । जसले गर्दा भुमिहिन सुकुम्बासी परिवारको खाद्य असुरक्षा तथा खाद्य अधिकारको अवस्था तथा सवालहरुलाई उठान गर्नुका साथै अन्तराष्ट्रिय स्तरमा सम्बन्धित सरोकारबाला पक्ष हरुको ध्यानाकर्षण गराउने काम भएको थियो । उक्त कार्यक्रममा राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थाका प्रतिनिधिहरु नागरीक समाज ,पत्रकार साथै याक नेपाल र खाद्य अधिकार संजालका प्रतिनिधि सहित २०० जना भन्दा बढिको प्रतक्ष उपस्थिति रहेको थियो ।

### २.८ प्रकाशनः

खाद्य अधिकार अवधारणा र खाद्य अधिकार सम्वन्धि कानुनी प्रावधानहरु, दिगो विकास लक्ष्य, विपद जोखिम न्युनिकरणका उपाय, स्थानिय योजना तर्जुमा प्रक्रिया, जनगणना २०७८ को संक्षिप्त तथ्यांक, खाद्य अधिकार हननका सवाल आदि विषयवस्तु समेटेर याक नेपालले नयाँ वर्ष २०८१ सालको क्यालेण्डर ५०० थान र खाद्य अधिकार सबलिकरण परियोजना अन्तरगत सम्पन्न क्रियाकलाप आदि विषयवस्तु सहितको याक नेपालको आ. ब. २०७९/०८० को बार्षिक प्रगती प्रतिवेदन ५०० थान प्रकाशन गरी याक नेपालका सदस्य, जिल्ला र पालिका स्तरीय खाद्य अधिकार

संजाल, खाद्य अधिकार हनन् भएका समुदाय र सरकारी तथा गैरसरकारी संघ संस्था लगाएत सरोकारवाला निकायमा वितरण गरिएको छ ।

## ३. उपलब्धीहरू:

यस परियोजना अर्न्तरगत खाद्य अधिकार हनन् भएका सवाल सम्बोधन गराउनका लागी संर्घष समितिको अगुवाईमा खाद्य अधिकार संजाल, संचार माध्याम तथा नागरिक समाज संगको पहल र सहकार्यमा संचालन गरिएका क्रियाकलापका फलस्वरुप तपसिल बमोजिमका उपलब्धीहरु प्राप्त भएका छन् ।

- याक नेपालले सहजीकरण गरेका खाद्य अधिकार हनन् भएका समुदायको खाद्य अधिकार अवधारणा, यसका कानुनी प्रावधान, राज्यको दायित्व, सरकारका नीति कार्यक्रम, योजना तर्जुमा प्रकृया र सेवा सुविधा प्राप्त गर्ने प्रक्रियाका बारेमा क्षमता अभिबृद्धि भई सरकारका सेवा तथा स्रोत माथी पहुँच बढ्दै गइरहेको छ । साथै समुदायको सरोकारवाला निकायहरु गाउँपालिका, नगरपालिका, प्रदेश सरकार, संघीय सरकार अन्तरगतका सरकारी कार्यालय र नागरिक समाज आदि संगको सम्बन्ध विस्तार भई तपसिल बमोजिमका समुदायको सरकारी सेवा, सुविधा, श्रोत, नीति तथा कार्यक्रम माथिको पहुँचमा अभिवृद्धि भएको छ ।
  - कञ्चनपुर जिल्लाको बेदकोट न.पा. वडा नं. ३ लिप्नामा रहेको समुदायले कृषि ज्ञान केन्द्र कञ्चनपुरबाट ३०० किलो थारु आलूको बीउ प्राप्त गरी आलू खेती सम्पन्न गरेका छन् । साथै बेदकोट नगरपालिकाबाट वाल विकास केन्द्र स्थापना भइ १८ बालबालिका अध्ययन गरीरहेका छन् । यस समुदायमा बिधुत सेवा बिस्तारका लागी बिधुत प्राधिकरण कञ्चनपुरबाट सर्वेक्षण भई विधुत विस्तारका लागी रु. ३५ लाख विनियोजन भएको छ ।
  - कञ्चनपुर जिल्लाको बेदकोट न.पा. वडा नं. ९ सुन्दरपुर सुनौलो शिविरमा रहेको आरक्ष पिडित समुदायका ३ दलित परिवारले वडा कार्यालयबाट सुधारिएको आरन सेट प्राप्त गरी आरन पेशा सञ्चालन गरीरहेका छन् । कञ्चनपुर जिल्लाको बेदकोट न.पा. वडा नं. ९ सुन्दरपुरमा गठीत सुनौलो महिला समूहले कृषि ज्ञान केन्द्र कञ्चनपुरबाट रु. ५ हजार प्राप्त गरी आलू खेती गर्न सम्पन्न भएका छन् ।
  - कैलाली जिल्लाको गौरीगंगा नगरपालिका वडा नं. १ पिपलटोलमा बसोवास गर्ने भुमिहिन दलित समुदायले ४ लाख सडक ग्राभेलका लागी, १ लाख १० हजार सिंचाइका लागी र १ लाख खानेपानीको लागी प्राप्त गरी सेवा लिइरहेका छन् ।
  - दार्चुला जिल्लाको शैल्यशिखर न.पा. वडा नं.९ को सिचाईकुलो मर्मतका लागि भौतिक पुर्वाधार विकास मन्त्रालयले आ.व. २०८०/०८१ का लागि ४० लाख विनियोजन गरेको छ ।
  - कञ्चनपुर जिल्लाको बेदकोट न.पा. वडा नं. ५ धरमपुरमा गठीत नमूना महिला कृषक समूहले बेदकोट नगरपालिकाबाट १ लाख ५० हजार प्राप्त गरी सिंचाइका लागी बोरिङ्ग जडान गरी कृषिकार्य गरीरहेका छन् । साथै सो समूहले कृषि ज्ञान केन्द्र कञ्चनपुरबाट रु. १० हजार थारु आलु खेती र ३ थान स्प्रे टंकीका साथै बिषादी प्राप्त गरी आलुखेती सम्पन्न गरेका छन् ।
  - कैलाली जिल्लाको घोडाघोडी न.पा. वडा नं. ८ जरही कृषक महिला समूहले कृषि ज्ञान केन्द्र कैलालीबाट रु.१ लाख ४९ हजार प्राप्त गरी तरकारी खेती गर्न सफल भएका छन् ।

- कञ्चनपुर जिल्लाको बेदकोट न.पा. वडा नं. ७ गाउजी गठीत संर्घषशील महिला समूहले कृषि ज्ञान केन्द्र कञ्चनपुरबाट रु. ५ हजार प्राप्त गरी आलू खेती र समूहका २३ जना सदस्यले प्रति व्यक्ति ४ किलोको दरले गहुको बीऊ प्राप्त गरी गहुखेती गर्न सम्पन्न भएका छन् ।
- धनगढी उपमहानगरपालिका वडा नं. १७ धुर्जन्नामा गठीत शिवगंगा वाखापालन समूह र इन्द्रेणी कृषक महिला समूह ले भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र ,कैलालीबाट ११ /११ बाखा प्राप्त गरी वाखापालनपालन गरीरहेका छन् ।
- कञ्चनपुर जिल्लाको लालझाडी गा.पा. वडा नं. ४ सिकलपट्टि समुदायमा गठित कोपिला कृषक महिला समूहले कृषि ज्ञान केन्द्र कञ्चनपुरबाट रु. ४ लाख बराबरको कृषि सामग्री प्राप्त गरी करार खेती र २ पेटी च्याउको बीऊ प्राप्त गरी च्याउखेति गर्न सफल भएका छन् ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत याक नेपालको कार्यक्षेत्रका १६ समुदायका २६५ महिला गरी ३५४ व्यक्तिहरुले याक नेपालको पहलमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत यस वर्ष फाराम भरेका छन् ।
- आ.व. २०८०/०८१ मा जम्मा ३६३ सरकारी निकाय तथा जनप्रतिनिधिहरु याक नेपालको परियोजना संचालन गरेका क्रियाकलापमा सहभागी भएका छन ।
- यसै गरी आ.व. २०८०/०८१ मा २८६८ संघर्ष समिति लगायत महिला समुह र २२८ खाद्य अधिकार संजालका प्रतिनिधिहरु याक नेपालले परियोजनाले संचालन गरेका क्रियाकलापमा सहभागी भएका छन् ।

**Youth Acting for Change Nepal (YAC Nepal)**
**Dhangadi - 8, Kailali, Nepal**
**Statement of Financial Position**
**As at Ashadh 31, 2081 (15th July, 2024)**

**Annexure - A**

| Particulars | Sch | As at 31.03.2081 | As at 31.03.2080 |
|---|---|---|---|
| **Assets** | | | |
| **Non Current Assets** | | | |
| Property, Plant & Equipments | 1 | 461,970.08 | 605,422.16 |
| Total Non Current Assets | | **461,970.08** | **605,422.16** |
| **Current Assets** | | | |
| Advances, Deposits & Receivables | 2 | 451,437.70 | 383,812.70 |
| Cash and Cash Equivalents | 3 | 4,571,237.77 | 1,830,426.34 |
| **Total Current Assets** | | **5,022,675.47** | **2,214,239.04** |
| **Total Assets** | | **5,484,645.55** | **2,819,661.20** |
| **Liabilities & Reserves** | | | |
| **Reserve & Surplus** | | | |
| Donor Fund | 4 | (1,038,660.51) | (653,778.67) |
| Internal Fund | 5 | 2,550,228.56 | 2,319,537.01 |
| Capital Assets Reserve Fund | 6 | 234,843.75 | 313,125.00 |
| **Total Reserve & Surplus** | | **1,746,411.80** | **1,978,883.34** |
| Current Liabilities | | | |
| Liabilities & Accounts Payables | 7 | 3,738,233.75 | 840,777.86 |
| **Total Current Liabilities** | | **3,738,233.75** | **840,777.86** |
| **Total Liabilities & Reserves** | | **5,484,645.55** | **2,819,661.20** |

***Schedule 1 to 11 and significant accounting policies and notes to accounts thereon forms an integral part of this Financial Statements.***

**For: Youth Acting for Change Nepal (YAC Nepal)**

As Per Our Report Of Even Date
**For: P. Bhatta & Associates**
Chartered Accountants

Binita Khati
Treasurer

Bal Bahadur Rokaya
Chairperson

CA. Prakash Datta Bhatta
Principal

Dabal Bahadur Bam
Executive Director

Kaji Ram Chaudhary
Admin & Finance Officer

Date : 2081-06-08 (24 September 2024)

**Youth Acting for Change Nepal (YAC Nepal)**
**Dhangadi - 8, Kailali, Nepal**
**Statement of Income and Expenditure**
**For the Period from 1 Shrawan 2080 to 31 Ashad 2081 (17 July 2023 to 15 July 2024)**

**Annexure - B**

| Particulars | Sch. | Year Ended 31.03.2081 | Year Ended 31.03.2080 |
|---|---|---|---|
| **Income** | | | |
| Grant Income | 8 | 13,374,098.11 | 17,096,119.15 |
| Other Income | 9 | 2,709,131.39 | 1,395,973.46 |
| **Total Income (a)** | | **16,083,229.50** | **18,492,092.61** |
| **Expenses** | | | |
| Program Cost | 10 | 13,758,979.95 | 17,863,383.22 |
| Administrative Expenses | 11 | 2,413,269.01 | 1,373,161.33 |
| Depreciation | 1 | 65,170.83 | 84,915.85 |
| **Total Expenditure (b)** | | **16,237,419.79** | **19,321,460.40** |
| **Surplus/(Deficit) During the Year (a-b)** | | **(154,190.29)** | **(829,367.79)** |
| **Surplus/(Deficit) During the Year after prior year adjustment** | | **(154,190.29)** | **(829,367.79)** |
| Surplus/(Deficit) Represented as Donor Fund | | (384,881.84) | (767,264.07) |
| Surplus Represented as Internal Fund | | 230,691.55 | (62,103.72) |

***Schedule 1 to 11 and significant accounting policies and notes to accounts thereon forms an integral part of this Financial Statements.***

For: Youth Acting for Change Nepal (YAC Nepal)

As Per Our Report Of Even Date
For: P. Bhatta & Associates
Chartered Accountants

Binita Khati
Treasurer

Bal Bahadur Rokaya
Chairperson

CA. Prakash Datta Bhatta
Principal

Dabal Bahadur Bam
Executive Director

Kaji Ram Chaudhary
Admin & Finance Officer

Date : 2081-06-08 (24 September 2024)

## अनुसूची-२

## Detail Description of Organizational Assets :

| S.No. | Items | Quantity |
|---|---|---|
| **Furniture** | | |
| 1 | Wooden Chair (withHand Stand | 4 |
| 2 | Office Table | 12 |
| 3 | Tea Table | 2 |
| 4 | White Board | 3 |
| 5 | Wooden Rack | 2 |
| 6 | Wooden Chair ( Normal) | 15 |
| 7 | Sofa Set (With Tea table ) 2 Sets | 2 |
| 8 | Folding Table - 1 NO | 1 |
| 9 | FileCabinet - Steel - 1 NO | 2 |
| 10 | Bookshelf - Steel -1 NO | 1 |
| 11 | Woden aram bench | 2 |
| 12 | Wheel Chair - 2 NOs | 2 |
| 14 | White board - Wooden -1 Nos | 1 |
| 15 | Steel bookself | 3 |
| 16 | Steel cupboard | 4 |
| 17 | Steel daraj | 1 |
| 18 | Woden office palang | 1 |
| 19 | Wooden Chair | 3 |
| 20 | Book rack | 2 |
| 21 | Furnitur - SB | 1 |
| **Office Equipment** | | |
| 22 | Printer (LBP2900) | 1 |
| 23 | Printer HP | 1 |
| 24 | Acer laptop | 1 |

| | | |
|---|---|---|
| 25 | ACER laptop | 1 |
| 26 | Laptop - dell , latitude 3450 SB | 1 |
| 27 | Laptop DEL : processor :15 - 6200U- RtF | 1 |
| 28 | Laptop DELL: 15- 6200U-RtF | 3 |
| 29 | Laptop DELL: Center Office | 1 |
| 30 | Laptop DELL: 17 10th Generation | 3 |
| 31 | Dell: Laptop processor :i5 | 2 |
| 32 | Canon/ printer A4 / A3 | 1 |
| 33 | Power backup batter 150 amp | 1 |
| 34 | Inverter 16. 5 VA | 1 |
| 35 | Drinking Warer Filter | 1 |
| **Electrical Fixtures** | | |
| 36 | Ceiling fans :USHA _4Nos | 4 |
| 37 | Gas cylinder - 1Nos | 1 |
| 38 | Ceiling fans : Diamond - 2 Nos | 2 |
| 39 | photo Camera | 1 |
| 40 | Multimedia Projector | 1 |
| Automobiles | | |
| 41 | Motorcycle YAMAHA-Gladiator 125( Se2pa 2276 | 1 |
| 42 | Motorcycle Discover 125 (Su.pa.pra.01 -008 3629) | 1 |
| 43 | Motorcycle YAMAHA125(Se6pa1838) | 1 |
| 44 | Bicycle HGP IV | 1 |
| 45 | Motorcycle TVS Rider 125(Su.Pa.Pra .01- 011p8213 | 1 |

## अनुसूची–३

# कार्यरत कर्मचारीको विवरण

| क्र.सं. | नाम | पद | परियोजना | ठेगाना |
|---|---|---|---|---|
| १ | डबल बम | कार्यकारी निर्देशक | | धनगढी उ.म.न.पा. ५ कैलाली |
| २ | देबि प्रसाद खनाल | परियोजना संयोजक | खाद्य अधिकार सबलिकरण परियोजना | साँफेबगर न.पा. ५ मुना अछाम |
| ३ | दिपकराज ओझा | व.परियोजना अधिकृत | खाद्य अधिकार सबलिकरण परियोजना | धनगढी उ.म.न.पा. १३ कैलाली |
| ४ | पवित्रा भट्ट | अनुगमन तथा दस्तावेजीकरण अधिकृत | खाद्य अधिकार सबलिकरण परियोजना | धनगढी उ.म.न.पा. ४ कैलाली |
| ५ | सर्जु प्रसाद चौधरी | परियोजना अधिकृत | खाद्य अधिकार सबलिकरण परियोजना | टिकापुर न.पा. ९ कैलाली |
| ६ | विनोद ब. सिह | परियोजना अधिकृत | खाद्य अधिकार सबलिकरण परियोजना | धनगढी उ.म.न.पा. ५ कैलाली |
| ७ | काजिराम चौधरी | व.वित्त तथा प्रशासन अधिकृत | खाद्य अधिकार सबलिकरण परियोजना | गौरीगंगा न.पा. ११ कैलाली |
| ८ | सुरज कुँवर | लजेस्टीक तथा एडमिन सहायक | खाद्य अधिकार सबलिकरण परियोजना | धनगढी उ.म.न.पा. ५ कैलाली |
| ९ | दुर्गा नेपाली | परियोजना सहयोगी | खाद्य अधिकार सबलिकरण परियोजना | खप्तडछान्ना गा.पा. ६ बझाङ्ग |
| १० | प्रेम बम | परियोजना सहयोगी | खाद्य अधिकार सबलिकरण परियोजना | धनगढी उ.म.न.पा. १० कैलाली |
| ११ | मनोज पुजारा | इन्र्टन | खाद्य अधिकार सबलिकरण परियोजना | छविसपाथिभरा गा.पा. ६ बझाङ्ग |

***

# याक नेपालद्वारा सञ्चालित विभिन्न कार्यक्रमहरु



